# नेपाल बार एशोसिएशनको वार्षिक साधारणसभा समक्ष नेपाल बार एशोसिएशनको २३ औं केन्द्रीय कार्यसमितिकोतर्फबाट महासचिवद्वारा प्रस्तुत प्रतिवेदन

**सुनिलकुमार पोखरेल**
**महासचिव**
**नेपाल बार एशोसिएशन**

**२०७३ बैशाख ७ गते, मंगलबार**
**काठमाडौं ।**

**श्री अध्यक्षज्यू**
**नेपाल बार एशोसिएशनका पदाधिकारी, नवनिर्वाचित अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, कोषाध्यक्ष एवं सदस्यज्यूहरु, पूर्व अध्यक्षज्यूहरु तथा पदाधिकारीज्यूहरु, वरिष्ठ अधिवक्ताज्यूहरु, कार्यकारिणी परिषद्का पार्षद्ज्यूहरु एवं विभिन्न बार एकाइका अध्यक्षज्यू तथा पदाधिकारीज्यूहरु एवं सहभागी कानुनव्यवसायी मित्रहरुमा मेरो व्यक्तिगत र नेबाएको २३ औ कार्यसमितिकोतर्फबाट यहाँहरुमा नव वर्ष २०७३ सालको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।**

## पृष्ठभूमी

संविधानसभाद्वारा नयाँ संविधान जारी भई संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेको वर्तमान अबस्थामा हुन गइरहेको नेबाएको यो साधारण सभा आफैमा विशिष्ट रहेको रहेको छ । संविधान लेखनको पक्रियादेखि यसका अन्तरबस्तुहरुमा असन्तुष्टि राख्दै मुलुकको जनमतको एउटा हिस्सा आन्दोलित रहीरहेको घडीमा संविधान कार्यान्वयनको विषय चुनौतीपूर्ण हुन पुगेको छ । यद्यपी संविधान लेखनभन्दा यसको कार्यान्वयन पक्ष जहिले पनि कठिन र जटिल हुन्छ नै । Constitution Making को प्रक्रिया समाप्त भई Constitution Building को चरणमा रहेको हाम्रोजस्तो मुलुकका लागि यो तथ्यको हेक्का हुनु नितान्त आवश्यक छ । विश्वका अन्य मुलुकहरुमा पनि संविधान जारी हुँदाको समयमा संरक्षित हुन नसकेका अधिकारहरु संविधानको संशोधनबाट समायोजन हुँदै गएको यथार्थले Constitution Making को प्रक्रिया पुर्णता Revolutionary मार्गबाट नभई Evolutionary Process बाट हुने यथार्थ इतिहासको विकासकमले पनि प्रष्ट पारेको छ । नेपालमा विगत ६५ बर्षको अथक प्रयास पछि नेपाली जनताले संविधानसभामार्फत आफैले बनाएको संविधानले स्थापित गरेका लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्र न्यायपालिका, संघीयता, समावेशिता, बहुदलीय प्रतिस्पर्धामा आधारित आवधिक निर्वाचन, धर्म निरपेक्षता, मौलिक हकजस्ता विषयहरुलाई संविधान कार्यान्वयनमार्फत स्थापित गर्नु नितान्त आवश्यक छ । यीनै संविधानका मौलिक व्यवस्थाहरुको सफल कार्यान्वयनमार्फत मुलुकको दिगो आर्थिक विकास गरि युवा जनशक्तिलाई मुलुकमै रोजगारीको सिर्जना तथा मुलुकलाई विश्वव्यापीकारणको हिस्सा बनाउनु अहिलेको मुलुकको प्राथमिक कार्यसूची बन्न पुगेको छ । यस्तो अबस्थामा हुन गईरहेको साधारण सभाले तत्काल कार्यान्वयन गर्न सकिने नीतिहरु समेत पहिल्याई नव निर्वाचित नेबाए कार्यसमितिलाई मार्ग निर्देश गर्नेछ भन्ने हामीले विश्वास लिएका छौं ।

नयाँ संविधान जारी भएपश्चात यसको प्रभाव अन्य क्षेत्रका अलवा नेपालको न्यायपालिकामासमेत गम्भीर रुपमा पर्न गएको छ जसकारण पहिलेदेखि सङ्कटग्रस्त न्यायलयमा थप अन्यौल र संरचनागत समस्या सिर्जना भएको छ । नयाँ संविधानले एकीकृत न्यायपालिकाको परिकल्पना गर्दै २१ जना स्थायी न्यायाधीश सहितको सर्बोच्च अदालत, सर्वोच्च अदालतमा ५ सदस्य रहने संवैधानिक इजलास, प्रत्येक प्रदेशहरुमा एक उच्च अदालत, जिल्ला अदालतहरु र स्थानीय अदालतको व्यवस्था गरेको छ भने विशिष्ट किसिमका मुद्धाहरु सुनवाई गर्न विष्टिकृत अदालतको समेत परिकल्पना गरेको छ । समग्रमा हेर्दा नयाँ संविधनले न्यायपालिका सम्बन्धमा गरेको व्यवस्थाले न्यायपालिकालाई स्वतन्त्र, सक्षम र उत्तरदायी बनाउन खोजेको भान हुन्छ तर संविधानको भाग ३३ मा संक्रमणकालीन व्यवस्था अन्तर्गत अन्तरिम संविधान अन्तर्गत नियुक्त वा निर्वाचित राज्यका सबै संवैधानिक तथा अन्य पदाधिकारीको नयाँ संविधान अन्तर्गत निरन्तरता गऱ्यो तर न्याय परिषद्का पदेन बाहेकका सदस्यहरुको पद संरक्षित गरे वा नगरेको अन्यौलताका बिचमा न्यायपरिषद्का पदेन बाहेकका सदस्यहरु रिक्त रहेको घोषणा गरिएको कारणले न्यायाधीश नियुक्त गर्ने निकाय न्याय परिषद पुनः एक पटक अपूर्ण हुन पुगेको छ । संविधानमा न्यायपालिकासम्बन्धि व्यवस्था जतिसुकै राम्रो भए पनि यसको कार्यान्वयनको प्रारम्भमै चुनौति सिर्जना भएको छ । यद्यपी परिषद्का सदस्यहरुको पद कायम रहेको वा रिक्त भएको सम्बन्धमा समग्र न्याय जगतको मत विभाजित रहेको र स्वयं न्याय परिषद् यस बारेमा लामो समयसम्म मौन रहे पनि नयाँ संविधान जारी भए पश्चात २०७२/०८/२२ गते पहिलो पटक बसेको न्याय परिषद्को बैठकमा न्याय परिषद्का तत्कालीन सदस्यद्वय ब.अ. रामप्रसाद सिटौला र ब.अ. रामप्रसाद श्रेष्ठलाई सूचित नगरेको र सो रिक्त भएको सदस्य पदपूर्तिका लागि नेबाए र प्रधानमन्त्रीलाई पत्राचार गर्ने भनि भएको निर्णयले न्याय परिषद् निजहरुको पद रिक्त भएको निश्कर्षमा पुगेको भन्ने प्रष्टै देखिन्छ । सर्बोच्च अदालत लगायतका अदालतहरुमा न्यायाधीशहरुको स ंख्या कम भई आम न्यायका याचकहरुले

ठुलो सास्ती भोगी रहनु परेको बर्तमान अवस्थामा न्याय परिषद्का सदस्यहरुको पद रिक्त हुन जानु या पारिनुले सर्बोच्च अदालतमा न्यायाधीश नियुक्तीको प्रक्रिया पुनः एक पटक अन्यौलग्रस्त हुन पुगेको छ । यद्यपी अपुर्ण परिषदबाट हालै मात्र सर्बोच्च अदालतमा ११ जना महानुभावहरुलाई न्यायधिश नियुक्तीका लागि सिफारिस गरिएको छ ।

त्यसैगरि नयाँ संविधानले हाल कायम रहेको पुनरावेदन अदालतको सट्टा उच्च अदालतको व्यवस्था गर्दै अदालतहरुमा अतिरिक्त न्यायाधीश रहने व्यवस्थाको अन्त्य गरेको कारण देखाई न्यायपरिषदले विभिन्न पुरावेदन अदालतमा कार्यरत २८ जना अतिरिक्त न्यायाधीशहरुको पुर्ननियुक्ति गर्न मिल्ने नमिल्ने बिषय समेत विवादित बनेका कारण पुनरावेदन तहमा कार्यरत २८ जना न्यायाधीशहरुको एकसाथ बहिर्गमनले जनताको न्यायमा पहुँच प्रभावित हुने अवस्था सिर्जना गऱ्यो भने संविधानको व्याख्या गरि यसको प्रभावकारी कार्यान्वयन गर्ने न्यायमूर्तिहरु स्वंय नयाँ संविधानको सिकार हुनुपर्ने अवस्थाले संविधानसभाले संविधान मस्यौदा गर्दा न्यायपलिकाका सम्बन्धमा गम्भीर त्रुटि गरेको तथ्य उजागर हुन पुगेको छ । अहिले पनि संविधानबमोजिम हरेक प्रदेशमा एक उच्च अदालत रहने ब्यवस्थाका कारण हाल कायम रहेका पुनरावेदनको संख्या घट्न सक्ने र उच्च अदालतको नयाँ मुकाम कायम गर्दा हाल जनताले प्राप्त गरि रहेको न्यायमा सहज पहुँचको अबस्था कसरी सुनिश्चित हुन सक्छ भन्ने विषय गम्भीर हुन पुगेको छ । यसका साथै न्यायपालिकाको स्वतन्त्रताको स्तरले हामी कानुनकर्मीहरुको व्यवसायिक हितमा समेत प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा नयाँ संविधानबमोजिम न्यायाधीश नियुक्तिदेखि न्यायप्रशासनसम्मको विषय हाम्रा लागी महत्वपुर्ण हुन्छन् । खासगरीकन संवैधानिक इजलास सम्बन्धि नयाँ प्रयोग र अन्य तहका अदालतहरुको क्षेत्राधिकार र न्यायमा जनताको सहज पहुँचका विषयहरुले नयाँ संविधान कार्यान्वयनमा न्यायपालिकाको सन्दर्भ गम्भीर बनेको छ । न्यायपालिकामा राजनीतिकरण हुँदै आएको सम्बन्धमा व्यापक बहस चलेको सन्दर्भमा विगतदेखि नै कायम रहेको न्यायपालिकाको स्वतन्त्र पहिचान र अस्तित्वलाई कायम राख्दै यसका कार्यक्षेत्रमा देखिएका भ्रष्टाचार र अनियमितता लगायत समस्याहरुलाई न्यूनीकरण गर्दै लैजान संघीय कानुन निर्माण गर्दै सोको पूर्ण कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता देखिन्छ ।

यीनै परिवेशमा नयाँ संविधान जारी भएको सन्दर्भमा अन्य व्यवस्थाहरु लगायत विशेषत न्यायपालिकाको सन्दर्भ हामी कानुनकर्मीका लागि अहिले विशेष चासोको विषय बन्न पुग्नु अस्वभाविक होइन । यस प्रक्रियामा नेपाल बार एशोसिएशनको भूमिका विशेषतः दुई प्रकारको रहनु पर्ने हामीले महसुस गरेका छौं ।

नागरिक समाजको अग्रणी संस्थाको हैसियतले हाल विवादमा रहेका संविधानका अन्तरबस्तुहरुमा राज्यको पुनरसंरचना अन्तर्गत प्रदेशको संख्या र सिमाँकन, समानुपातिक समावेशि प्रतिनिधित्वको सुनिश्चितता, जनसंख्या तथा भुगोलका आधारमा प्रतिनिधिसभा तथा राष्ट्रियसभा सदस्यको संख्या निर्धारण, नागरिकता र मौलिक हकको प्रचलन लगायतका बिषयहरुमा समग्र संविधान कार्यान्वयनमा हाम्रो भूमिकाको विशिष्टिकरण, दोस्रो स्वयं संविधानको बिज्ञहरुको संस्थाको हैसियतले समेत हामीले यसको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने सामाजिक एवं व्यवसायिक कर्तव्य रहेको छ । संविधन जतिसुकै राम्रो भएपनि त्यसको कार्यानवयन र प्रतिफल जनस्तरमा नपुगेसम्म त्यो कागजी बाघ मात्र हुनेछ तसर्थ संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधानको स्वीकार्यता बढाउँदै जानु पर्ने अहिलेको आवश्यकता हो ।

मिति २०६९ पुस २८ गते सम्पन्न भएको नेबाए केन्द्रिय कार्यसमिति निर्वाचनको मिति २०६९ माघ ४ गते घोषणा भएको परिणाम अनुसार, २०६९ फल्गुण १ गते भएको पदभार हस्तान्तरण समारोहबाट हामीले पदभार ग्रहण गरी नेबाएको घोषित उद्देश्यअनुरुप अहोरात्र खटिइ आज हामी नेबएको हाम्रो कार्यकालको अन्तिम बार्षिक साधारण सभा एवं नेपाल बार एशोसिएशनको नवनिर्वाचित २४ औं कार्यसमितिलाई पदभार हस्तान्तरणको गरिमामय क्षणमा छौं । न्यायपालिका स्वतन्त्र, निष्पक्ष र जवाफदेहि हुनका लागि सुधारका विषयहरुमा, कानुन व्यवसाय र कानुनव्यवसायीहरुको पेशागत हक हित र मर्यादाको स्तरोन्नती, विधिको शाासन र मानवअधिकारको संरक्षण र प्रवर्द्धन लगायतका बिषयहरुमा नेबाएले गर्नुपर्ने कार्यका बारेमा नेबाएको राष्ट्रिय सम्मेलन, कार्यकारिणी परिषदको बैठक, मानवअधिकार सम्मेलन, महिला सम्मेलन एवम् विभिन्न बैठकहरुबाट समेत विभिन्न प्रस्तावहरु पारित भएका छन । नेपाल बार एशोसिएशनको धारणा सार्वजनिक गर्ने क्रममा नेबाएको सल्लाहकार, बार एकाईहरु, बरिष्ठ अधिवक्ताज्यूहरु समेतबाट राय सुझाव सङ्कलन गरिएको, विभिन्न विधाका विज्ञहरुसँग समन्वय गरि विभिन्न माध्यबाट यसका सम्बन्धमा नेबएको

धारणा प्रष्टरुपमा उद्घोष गर्दै आइएको छ । हाम्रो कार्यकालमा हामीले ५३ वटा कार्यसमितिको बैठक एवं विभिन्न गम्भीर विषयवस्तुहरुमा नेबाएको धारणा सार्वजनिक गर्नुपर्दा सल्लाहकार समितिको संयुक्त बैठक समेत गरी समसामयिक विषयमा निर्णय गरेका थियौं ।

नेपाल बार एशोसिएशनको बिधान, २०४८ (पाँचौ संशोधन सहित) अनुसार ३/३ बर्षमा हुने नेबाए केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न गर्नका लागि २०७२ पुस २५ गते मिति निर्धारण गरीएको थियो भने उक्त निर्वाचन सम्पन्न गर्नका लागि नेवाएले २०७२/०६/१५ मा बरिष्ठ अधिवक्ता हरिशङ्कर निरौला प्रमुख निर्वाचन अधिकृत, बरिष्ठ अधिवक्ता डा. कुमार शर्मा आचार्य, अधिवक्ता दामोदर खड्का, अधिवक्ता सुरेन्द्र कुमार महतो र अधिवक्ता विष्णु पोखेल समेतको पाँच सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । तर मुलुकमा चलेको अधिकार प्राप्तिको आन्दोलनमा नेबाए तथा नेबाएका धेरै सदस्य साथीहरु प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा संलग्न हुनु भएको तथा नेबाएका विभिन्न बार एकाइहरुको अनुरोध, आदरणीय सदस्यज्यूहरु तथा पार्षद्ज्यूहरुको सुझावसमेतलाई ध्यानमा राखी पूर्व निर्धारित नेबाए निर्वाचनलाई २०७२/१२/०६ गतेका लागि तय गरियो । यसरी पुनः तय गरिएको निर्वाचन समेत सम्पन्न गर्न असहज अवस्था रहि रहँदा २ नं. प्रदेश (पर्सा देखि सप्तरीसम्म) अन्तर्गत रहेका सम्पूर्ण पुनरावेदन तथा जिल्ला बार एशोसिएनका पदाधिकारीहरु तथा नेबाए पदाधिकारीहरु, नेबाएका पूर्व अध्यक्ष ब.अ.विश्वकान्त मैनाली, नेबाए निर्वाचन समितीका प्रमुख ब.अ. हरिशङ्कर निरौला र सदस्य अधिवक्ता सुरेन्द्र कुमार महतो विच महोत्तरीको बर्दिबासमा मिति २०७२/१०/२६ मा छलफल तथा परामर्श पश्चात नेबाएको निर्वाचनको माहौल तयार भएको र बर्दिबास बैठकमा प्राप्त सुझावका आधारमा पुनः एक पटक नेबाए निर्वाचनको मिति परिमार्जन गर्दै मिति २०७२/१२/२० गतेका लागि तय गरियो । यसरी तय गरिएको नयाँ कार्यतालिकामा निर्वाचन सफलतापूर्वक सम्पन्न हुन सकेको हो । बर्दिवास बैठकमा उपस्थित भई नेबाए निर्वाचनको परिस्थिती सिर्जना गरिदिनु हुने सम्पूर्ण महानुभावहरुप्रति हामी हृदयदेखि धन्यवाद ज्ञापन गर्न चाहन्छौ ।

नेबाए केन्द्रिय कार्यसमितिको निर्वाचन मिति २०७२/१२/२० शनिबारका दिन सम्पन्न भई नयाँ कार्यसमितिले पदभार ग्रहण गरि कार्य प्रारम्भ गर्न गइरहेको छ । निर्वाचन सफलतापूर्वक सुसम्पन्न गर्नु भएकोमा प्रमुख निर्वाचन अधिकृत, निर्वाचन अधिकृतहरु, नेबाएका कर्मचारी मित्रहरु तथा सम्पूर्ण महानुभावहरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नेबाएको २३ औं कार्यसमितिको कार्यकालमा कानुनव्यवसायीहरुको हकहित, क्षमता अभिबृद्धि तथा न्यायपालिकाको स्वतन्त्रताका लागि विभिन्न प्रयास भएका छन जुन प्रयासहरुको विवरणहरु मिति २०७२/०४/२३ मा सम्पन्न पछिल्लो साधारणसभा र सो पश्चात आयोजित ४३ औ कार्यकारणी परिषदको भेलामा प्रस्तुत महासचिवको प्रतिवेदनहरुमा सविस्तार उल्लेख गरिएको थियो । अतः पछिल्लो साधारणसभादेखि हालसम्मको अबस्थामा भएका कार्यहरु तथा २३ औ कार्यसमितिको कार्यकालमा भएका अन्य विविध कार्यक्रमहरु तथा प्रयासहरु लगायत कानुनव्यवसायी राष्ट्रिय सम्मेलन, विशेष संवैधानिक सम्मेलन, कार्यकारिणी परिषद्को बैठक, वार्षिक साभारण सभा, मानवअधिकार सम्मेलन, महिला सम्मेलनहरु सफलतापूर्वक सम्पन्न भइसकेको र आजको वार्षिक साधारणसभा यस कार्यसमितिको अन्तिम साधारणसभा भएको हुँदा कार्यसमितिबाट यस अवधिमा भएका कार्यहरुलाई संवैधानिक विकास, संविधान निमार्ण प्रकृया, न्यायपालिकाको जनआस्था अभिवृद्धि, न्यायपालिका र कानुन व्यवसायीका सम्बन्ध, नेबाएको संस्थागत विकास, तालिम गोष्ठि अन्तरकृया सेमिनार एवं विविध गरी ७ खण्डहरुमा विभाजन गरी सङ्क्षीप्त रुपमा प्रस्तुत गरेका छौ । साथै सम्पन्न कार्यक्रमहरुको सङ्क्षीप्त जनकारी अनुसूची १ मा यहाँहरुको जानकारीको लागि प्रस्तुत गरिएको छ ।

## १. संवैधानिक विकास

नेबाएमा २३ औ कार्यसमितिले २०६९/११/१ मा पदभार ग्रहण गरिरहँदा बाधा अड्काउ फुकाउने आदेशमार्फत अन्तरिम संविधान २०६३ को संशोधन, त्यसका केहि धाराहरु निलम्बन गर्दै बहालवाला प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार गठन गर्ने नेपालको संवैधानिक इतिहासमा अकल्पनीय घटना हुन लागेको विषयतर्फ हाम्रो गम्भीर ध्यानाकर्षण भई नेबाए पदाधिकारीहरुले तत्काले राष्ट्रपति डा. रामवरण

यादव ज्युलाई भेटि संविधानको संरक्षण गर्न अनुरोध गरेको थियो भने नेबाएको बैठकले सर्वसम्मत निर्णय गरि दलीय व्यवस्थामा निर्दलीय सरकार गठनको कल्पना गर्न नसकिने, संविधानले सेवा निवृत्त भईसकेपछि पनि कुनै कार्यकारी पदमा नियुक्तिका लागि अनुमति नदिने सर्बोच्च अदालतका न्यायाधीश वा प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाउन नहुने, त्यसो हुँदा न्यायपालिकको स्वतन्त्रतामा गम्भीर प्रश्न उठ्ने मात्र नभई नेपालको संविधानले स्वीकार गरेको शक्तिपृथकीकरणको आधारभूत सिद्धान्त खलबलिन पुग्ने र अन्तत संविधानबादको सिद्धान्त परास्त हुने भन्दै तत्कालीन प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राजनीतिक दलका प्रमुखहरुलाई अनुरोध गर्दै नागरिक समाजको सहयोगमा दवावका कार्यक्रमहरु संचालन गरेको प्रसंग उल्लेख गर्न चाहन्छौ । नेबाएको यस्तो आग्रह र दवावका बाबजुद राजनीतिक दल र सरकारको सिफारिसमा २०६९ साल चैत २ गते राष्ट्र प्रमुखबाट अन्तरिम संविधानको मर्म र भावना विपरित बाधा अड्काउ फुकाउने आदेश जारी गर्दै तत्कालीन बहालबाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रिपरिषदको गठन गरियो जुन दिनलाई नेपालको संबैधानिक इतिहासमा कालो दिनको संज्ञा दिदै नेबाएले विरोध गरेको हामी स्मरण गर्न चाहन्छौ ।

यसरी असंबैधानिक तरिकाले प्रधानन्यायाधीशको अध्यक्षतामा गठन भएको मन्त्रीपरिषद र यसका सदस्यहरु उपस्थित हुने सबै खाले कार्यक्रम र सहयोग नेबाएले बहिष्कार गऱ्यो जुन चरण २०७० साल मंसिर ५ गते संविधानसभाको निर्वाचन भई स्वर्गीय शुसील कोइरालाको प्रधानमन्त्रीत्वमा निर्वाचित सरकार गठन नहुँदासम्म कायम रहेको थियो । २०७० सालमा दोश्रो संविधानसभाको निर्वाचन सम्पन्न गरि पुनः मन्त्रीपरिषदकम अध्यक्ष प्रधानन्यायधीशका रुपमा कार्य गर्न सर्बोच्च अदालतमा फर्कि आउने समाचार प्रति नेबाएले जोडदार बिरोध गरयो, नेबाएको विरोधका कारणले खिलराज रेग्मी पुनः प्रधानन्यायधिशको पदमा आई कार्य गर्न नसकेको र मन्त्रीपरिषदको अध्यक्षकै पदबाट अवकाश भएको तथ्य आम कानुन व्यवसायी विच ज्ञातव्य नै छ । सायद यो समयावधि नेबाएले सरकारसँगको सहयोगमा गर्न सक्ने अनेकन कार्यहरुका लागि प्रमुख बाधकका रुपमा पनि रह्यो । तर पनि नेबाए आफनो मूल मान्यतामा विचलित हुनु हुँदैन भन्ने तपाई आम कानुनव्यवसायीहरुको अग्नि परिक्षामा हामी निर्भिक भएर उभिन सक्यौ । यद्यपी नेबाएले प्रधानन्यायाधीशलाई मन्त्रीपरिषदको अध्यक्ष बन्नबाट रोक्न नसकेकोमा कतिपयले यसलाई नेबाएको असफलताको रुपमा चित्रित गरेका छन तर नेबाएको सफलता आफनो मुद्दा स्थापित गराउनुमा हुन्छ नकी परिणाममा । हाम्रो मुद्धा स्थापित भएको परिणाम हो पछिल्लो समयमा न्यापालिकामा राजनितिक प्रभाव हाबी हुनु जुन कुराको प्रस्थान बिन्दु बहालबाला प्रधानन्यायधीशलाई मन्त्रीपरिषदको अध्यक्ष बनाउने कार्यबाटै प्रारम्भ भएको प्रष्ट छ । प्रधानन्यायाधीशलाई मन्त्रिपरिषदको अध्यक्ष बनाउने बिषयमा बारको अडानले आफनो मुद्दा स्थापित गरेको छ थप प्रमाण निवर्तमान राष्ट्रपतिले समेत त्यो कार्य गलत भएको भनि भरखरै मात्र सार्वजनिक अभिव्यक्ति दिएर प्रष्ट पार्नु भएको छ ।

## २. संविधान निर्माण प्रक्रिया

गोरखाको रामशाह चौतारीमा गरिएको नेबाए केन्द्रिय कार्यसमितिको बैठकको ऐतिहासिक निर्णयअनुसार २०७१ जेष्ठ १५, १६ र १७ गते काठमाडौमा विशेष संवैधानिक सम्मेलनको आयोजना गरियो । तत्कालीन प्रधानमन्त्री सम्मानीय सुशिल कोइरालाद्वारा समुदघाटन गरिएको यो सम्मेलनमा **१. राज्यको शासकीय स्वरुप २. मौलिक हक, संवैधानिक अंग, नागरिकता र समावेशिता, ३. राज्यको पुनरसंरचनाका आधारहरु, ४. निर्वाचन प्रणाली, ५. राज्यको न्यायपालिका** समुहमा २९ विषयहरुमा कार्यपत्र प्रस्तुत भई कानुन व्यवसायी तथा संविधानसभाका माननीय सदस्यहरु समेतको बिषयगत छलफल पश्चात पारित घोषणा पत्रलाई विशेष संवैधानिक सम्मेलनको समापन समारोहका प्रमुख अतिथि सम्माननीय सभामुखलाई हस्तान्तरण गरि सम्मेलनको निष्कर्ष प्रत्यक्षरुपमा संविधानसभा समक्ष संप्रेषण गरियो । त्यसै गरी संविधान निर्माण प्रकृया र संवैधानिक कानुनका विषयमा मुलुक भरका ७५० जना कानुन व्यवसायीहरुलाई प्रशिक्षण दिनुका अलावा कानुन व्यवसायी र संविधानसभा सदस्यहरु विच श्रृखलाबद्धरुपमा अन्तरकृया तथा छलफल कार्यक्रमहरु आयोजना गरिएको थियो । ती कार्यक्रममा भएका छलफलबाट पनि संविधान लेखन प्रक्रियालाई थप टेवा मिलेको हामीले महसुस गरेका छौ । त्यसै गरि संविधानसभाबाट संविधान निमार्णको अन्तिम चरणमा जनताको राय संकलन गर्ने उद्देश्यले जारी गरेको प्रथम मस्यौदा संविधानमा नेबाएको तर्फबाट प्रस्तावना देखि प्रत्येक धाराहरुमा छलफल गर्दै विशेषगरि मौलिक हक, न्यायपालिका, कार्यपालिका,

व्यवस्थापिका र राज्यको पुनरसंरचनासँग सम्बन्धित ४५ वटा धाराहरुमा खिखितरुपमा संशोधनहरु प्रस्ताको तिन महले बनाई संविधानसभा समक्ष संप्रेषण गरिएको थियो । नेबाएले दर्ता गराएका अधिकाशं संशोधनहरु नयाँ संविधान जारी गर्दा समेटिएको भन्ने हामी जानकारी गराउन चाहन्छौ ।

## २.१. नयाँ संविधान, मधेश आन्दोलन र मानवीय संकट

संविधान जारी हुनु पूर्वदेखि चलिरहेको आन्दोलन २०७२/०६/०३ मा नयाँ संविधान जारी पश्चात थप तिव्रता प्राप्त गऱ्यो जसको मूल मुद्दा भनेको अन्तरिम संविधानद्वारा व्यवस्थित समानुपातिक समावेशी प्रतिनिधित्व, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण र नागरिकतासम्बन्धि व्यवस्थाहरुलाई बर्तमान संविधानले यथोचित सम्बोधन गर्न नसकेको, राज्यको पुनर्रसंरचना अन्तर्गत संविधानमा व्यवस्थित प्रदेशको संख्या र तिनिहरुको सिमाङ्कनको बिषयहरु नमिलेको भन्ने रहेका छन । संविधानले कसैलाई अन्याय गरेको छ भने त्यो अन्यायको बिषयमा हामी सबैको सरोकार हुनुपर्छ र संविधानले समाधान दिन्छ भन्ने भावनाबाट अगाडी बढ्नु बाहेक अन्य विकल्प हुँदैन । आफ्ना मागहरुको यथोचित सम्बोधन गराउन राजमार्ग र नेपाल-भारत नाका केन्द्रित आन्दोलनले सर्वसाधारणको आवागमनमा असहजता, औषधी, अक्सिजन, बालवालिकाका लागि चहिने खानाको आपूर्तीमा समस्या मात्र नभई इन्धन लगायत अत्यावश्यक बस्तुको अभाव हुँदा कानुनव्यवसायलगायत अन्य क्षेत्रहरुसमेत गम्भीर रुपमा प्रभावित हुन पुगेको छ । यसका अलावा क्षीमेकी राष्ट्रहरुबाट सुरक्षा संवेदनशीलता नरहेको नाकाबाट पनि आयात हुने अत्यावश्यक बस्तुको आपूर्तीमा कटौती, तेस्रो मुलुकबाट हुने व्यापारमा समेत अबरोध भई नेपालजस्तो भूपरिवेष्ठित राष्ट्रको निर्वाध पारवहन अधिकारको समेत उल्लंघन भई आम नेपाली जनजीवन नाकाबन्दिको चपेटामा परि दैनिकी कष्टकर भएको यथार्थ हामी माझ छ ।

आन्दोलनका क्रममा आन्दोलनकारी, सर्वसाधारण र प्रहरी समेत गरि ६० जनाभन्दा बढि व्यक्तिले ज्यान गुमाए भने राष्ट्रले अरबौको आर्थिक नोक्सानी बेहोर्नु पऱ्यो । यति ठुलो संख्यामा जनधनको क्षतिको मूल कारण आन्दोलनमा घातक हतियार प्रयोग नगर्नु भन्ने सर्वोच्च अदालतको आदेश विपरित शान्ति सुरक्षा वहालीको नाममा सुरक्षा निकायबाट आन्दोलनमा अत्यधिक बल प्रयोग र आन्दोलनरत दलहरुले समेत यदाकदा अख्तियार गरेको आन्दोलनको स्वरुप र आन्दोलनमा घरेलु हतियारको प्रयोग, बन्दको अवज्ञा गरेको भन्दै एम्बुलेन्स लगायतका अत्यावश्यक सवारी साधनमा भएको अवरोध मूलरुपमा जिम्मेवार रहेका छन । यस्ता गम्भीर घटनाहरुको न त केहि उजुरी दर्ता हुन सकेको छ न त कुनै तथ्याङ्क सङ्कलन हुन सकेको छ ।

आन्दोलनका क्रममा भएका मावनअधिकार उल्लंघनका घटनाहरु, मानवीय सङ्कट तथा नेपाली दाजुभाई दीदि बहिनीहरुले ज्यान गुमाउनु भएको पिडा हामी सबैले अनुभुत गरेका छौ । अघोषित नाकाबन्दि र तराई, मधेश, थरुहट लगायत मुलुकको अन्य भूभागमा भएको अधिकार प्राप्तिको आन्दोलनको कारणले वा राज्यकातर्फबाट अत्यधिक बल प्रयोग गर्ने प्रबृतिका कारणले मुलुकमा भएका मानवअधिकार उल्लंघनका घटनाहरु र मानवीय सङ्कट तत्काल समाधान गरि मुलुकमा स्थायी शान्तिको पुनरवहाली र दैनिक उपभोग्य बस्तु तथा सेवाहरुको सहज उपलब्धताका सम्बन्धमा तत्काल ठोस कदम चालि मानवअधिकारको संरक्षण गरियोस तथा आन्दोलनका क्रममा भएको मानवअधिकार उल्लंघन तथा हत्याजस्ता घटनाहरुको छानविनका लागि सरकारले तत्काल न्यायिक आयोग गठन गरि यथार्थ तथ्य जनतासमक्ष ल्याई दोषिहरुलाई कानुनको दायरामा ल्याइयोस भनि नेबाएले सरकार र सम्बन्धित पक्षहरुसँग अपिल गरेको प्रसंग हामी यहाँ स्मरण गर्न चाहन्छौ ।

एकातर्फ मुलुकभित्र जारी अधिकार प्राप्तिको आन्दोलनको सम्बोधन गरि बहिष्करणमा परेका क्षेत्र बर्गको आधारभूत अधिकारको सुनिश्तिता गरि त्यस्ता जात-जाति, क्षेत्र-बर्ग, लिङ्गका जनतालाई राष्ट्र निर्माणको मूल प्रवाहमा ल्याई नयाँ संविधान कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्न जरुरी देखिन्छ भने नाकाबन्दिको अन्त्यका लागी क्षीमेकी मित्र राष्ट्रसँगको सम्बन्धलाई कुटनीतिक माध्यमबाट समाधान गरि भविष्यमा मानवीय सङ्कट आउन सक्ने अबस्थाको सदाका लागि अन्त गर्नु जरुरी छ । त्यसैगरी, नेपालजस्तो भूपरिवेष्ठित राष्ट्रले अन्तराष्ट्रिय कानुनद्वारा प्रदत्त अधिकारको विना अबरोध उपभोग गर्न पाउनु

पर्ने बिषयको सम्बोधनका लागि संयुक्त राष्ट्रसंघ तथा अन्य क्षेत्रीय संगठनहरुको माध्यमबाट आफ्ना दृष्टिकोणहरु अझै प्रभावकारी ढङ्गले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रस्तुत गर्ने र त्यस्ता दृष्टिकोणहरु बनाउँदा राष्ट्रियस्तरमा राष्ट्रिय एकताको खोजि गरि नेपाल सरकार र सबै राजनीतिक दलहरु मिलि साझा दृष्टिकोण बनाउनु बान्छनीय हुन्छ भनि नेबाएले सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराएको थियो ।

## ३. न्यायपालिकाको जनआस्था अभिबृद्धि सम्बन्धमा

- सल्लाहकार समितिको परामर्शसमेतको आधारमा गरिएको निर्णय र तत्पश्चात जारी प्रेश विज्ञप्तीका अतिरिक्त नेवाएले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ती, जिल्ला अदालतमा कानुनव्यवसायीबाट न्यायाधीश नियुक्ति, युनिकोडको अनिर्वाय व्यवस्था गरिएको सम्वन्धमा, पेशी व्यवस्थापनको सम्बन्धमा, सर्बोच्च अदालत परिसरमा सवारी साधन पार्किङ लगायतका विषयहरुमा समेत सर्वोच्च अदालतसँग बारम्बार छलफल गरिएको जानकारी गराउँदछौं ।
- कुनै पनि क्षेत्रको सुधारको जिम्मेवारी सम्बद्ध क्षेत्रको नेतृत्व लिने व्यक्ति वा पदाधिकारीको नै हो । सुधारको विषय सबै अवस्थामा सहज र बोधगम्य पनि हुँदैनन् । सुधारले सबैलाई खुशी पार्न पनि सक्तैन र यथास्थितिको अवस्थाबाट फाइदा लिएका वर्ग र समूहले सँधै यसको विरोध गर्नु अस्वभाविक पनि होइन । यसै परिवेशमा नेबाएकोतर्फबाट न्यायपालिकामा तत्कालका लागि थालनी गरिनुपर्ने सुधारका कार्यहरु र दीर्घकालीन रुपमा गर्न, गराउनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिक विषयहरुका सम्बन्धमा न्यायिक नेतृत्वसमक्ष पटक-पटक ज्ञापन-पत्र, सुझाव तथा स्मरणपत्र प्रेसित गरिएको छ । जस अन्तरगत न्यायपालिकाको जनआस्था अभिवृद्धिका लागि हामीले देहायका विषयमा केन्द्रिकृत भई न्यायिक नेतृत्वसँग अनुरोध गरेको जानकारी गराउँदछु ।
  - राष्ट्रिय महत्वका कतिपय संवैधानिक विवादहरु लामो समयसम्म सर्वोच्च अदालतमा विचाराधीन रहने र विषयवस्तुको औचित्य समाप्त भएपछिमात्र सुनुवाई गरिने परिपाटिले स्वतन्त्र न्यायपालिकाको गरिमा, मर्यादा र जनआस्थामा गम्भीर प्रश्न उठेकोले यस्तो अवस्था आउन नदिनेतर्फ आवश्यक व्यवस्था गरियोस्,
  - असाधारण अधिकार क्षेत्र अन्तरगतका विवादहरुमा अबिलम्ब कार्यान्वयन हुनुपर्ने प्रकृतिका फैसला वा आदेशहरुको कार्यान्वयनमा तत्काल गर्ने व्यवस्थाका लागि अदालतहरुमा छुट्टै संरचना निर्माण गरी, त्यस्ता आदेश वा फैसला कार्यान्वयन भए, नभएको अनुगमन गर्ने व्यवस्था गरियोस्,
  - अदालतको जनआस्थामा गम्भीर धक्का पुऱ्याई न्यायिक काम कारवाहिमा समेत अवाञ्छित प्रभाव पुऱ्याउने कार्यमा विचौलियाहरु सक्रिय रहने गरेको भन्ने तथ्य विभिन्न समयमा भएका अध्ययन समेतले पुष्टि गरेकोले त्यस्ता विचौलियाहरुको पहिचान गरी उनिहरुलाई कारवाहि गर्नेतर्फ अविलम्व प्रक्रिया प्रारम्भ गरियोस्,
  - मुद्दा लामो समयसम्म हेर्दा हेर्दैमा वा नि.सु. मा राख्ने प्रचलनले समेत अदालतको जनआस्थामा गम्भीर आशंका पैदा हुने भएकोले त्यसलाई निरुत्साहित गरियोस,
  - न्याय सम्पादन गर्ने प्रमुख आधार दैनिक पेशी सूची भएकोले पेशी सूची तोक्दा जनगुनासो नआउने र न्यायाधीशको व्यवसायिक दक्षतालाई समेत बिचार गरि तोक्ने गरियोस्,
  - थुनुवाका मुद्दाहरुलाई प्राथमिकता दिँदै हप्तामा तीन दिन थुनुवाका मुद्दाको सुनुवाई हुने व्यवस्था गरियोस्,
- सर्वोच्च अदालतलगायत अन्य कतिपय अदालतहरुमा मुद्दा सुनुवाइको क्रममा यदाकदा माननीय न्यायाधीशहरु र कानुनव्यवासयीका बीचमा अनपेक्षित वातावरण श्रृजना भई असहज अवस्था उत्पन्न हुने गरेको अनुभूति गरिएकोले त्यसलाई निरुत्साहित गर्न आवश्यक वातावरण बनाइयोस् । कानुनव्यवसायीहरु अदालतका अधिकृत एवं सहयोगी हुन भन्ने मान्यतालाई सदासर्वदा स्मरण गरिएमा मुद्दाको सुनुवाइको क्रममा असहज अवस्था नआउने भएकोले यो स्थापित मान्यताप्रति माननीय न्यायाधीशहरु संवेदनशील रहनु पर्दछ भन्ने हाम्रो दृढ मान्यता रहेको छ । यस प्रसङ्गमा कानुनव्यवसायीहरुले सुधार गर्नुपर्ने कुनै कुरा भए त्यस विषयमा हामी ठोस सुझावको अपेक्षासमेत गर्दछौं भनी हाम्रो सरोकार रहेको विषयमा न्यायिक नेतृत्वको जानकारी गराएको छ ।

# ४. न्यायपालिका र कानुनव्यवसायीका सम्बन्धमा

## ४.१. न्याय परिषद् सदस्यमा सिफारिस

न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरुको सिफारिस गर्न प्रधानन्यायाधीशको अध्यक्षतामा न्यायपरिषद् रहने व्यवस्था भएअनुरुप नेपाल बार एशोसिएशनको सिफारिसमा प्रधानन्यायाधीशद्वारा नियुक्त हुने सदस्य पदमा नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमितिको मिति २०७२/०४/२१ गते बसेको बैठकको निर्णयअनुसार बरिष्ठ अधिवक्ता श्री रामप्रसाद श्रेष्ठज्यूलाई मनोनयन गरिएको जानकारी गराउँदै नयाँ संविधान जारी भएपछि प्रधान मन्त्री र नेबाएद्वारा सिफारिस हुने न्याय परिषद्का दुई जना सदस्यहरुको नयाँ संविधानले बचाउन नगरेको कारण दर्शाइ स्वतः सो पदबाट बाहिरीनु भएको जानकारी गराउँदछु ।

नयाँ संविधान अन्तर्गत नेबाएको सिफरिसमा नियुक्त हुने न्याय परिषदको सदस्य सिफारिसका लागि न्याय परिषदले नेबाएलाई २०७२/०८/२५ मा पत्र मार्फत अनुरोध गर्दा नेबाएको पटक-पटक बसेको बैठकले सो सम्बन्धमा छलफल गर्दा नेबाएको सिफरिसमा हाल राष्ट्रपतिद्वारा नियुक्त हुने सदस्यको समेत नियुक्तपूर्व संसदीय सुनवाई हुनु पर्ने संवैधानिक व्यवस्था भईरहेको र हाल संसदको कार्यसञ्चालन नियमावली बनी संसदीय सुनवाई समिति समेत गठन भईनसकेको हुँदा नेबाएले सिफारिस गर्ने सदस्यको समेत नियुक्त सम्भव नहुने भएको हुँदा आजको बैठकद्वारा उक्त सदस्य सिफारिस नगर्ने भनि नेबाए केन्द्रिय कार्यसमितिको मिति २०७२/१०/०७ को बैठकद्वारा निर्णय गरि उक्त निर्णयको जानकारी न्याय परिषदलाई समेत गराइएको छ ।

## ४.२. सर्बोच्च अदालतमा न्यायाधीश नियुक्तिका सम्बन्धमा

नेपाल बार एशोसिएशनले लामोसमयदेखि निरन्तर रुपमा न्यायाधीश नियुक्तिको विषयमा न्याय परिषद्समक्ष आफ्ना धारणाहरु स्पष्ट रुपमा राखी सार्वोच्च अदालतमा अविलम्ब न्यायाधीशको नियुक्त गर्न ध्यानकर्षण गर्दै आएको, त्यस्तो नियुक्ती गर्दा सेवाग्राहीलाई परेको पिर, मार्का र सर्वोच्च अदालतमा रहेको मुद्दाको चापसमेतलाई दृष्टिगत गरी यससम्बन्धी पूर्व अभ्यासहरु समतेका आधारमा संविधान, कानुनको मर्म र भावाना अनुरुप न्यापरिषदको पूर्णता पश्चात आवश्यक संख्यामा सर्वोच्च अदालतमा न्यायाधीशको व्यवस्था गर्नुपर्ने धारणा सार्वजनिक गर्दै आइरहेको जानकारी गराउँदछु । न्याय परिषदमा बारकोतर्फबाट सिफारिस भईजाने सदस्यको पद रिक्त भएको, सवैधानिक र कानुनी संरचनाहरु तयार भई नसक्दै हालै मात्र न्यायपरिषदले सर्बोच्च अदालतमा नियुक्तिका लागि ११ जना न्यायाधीशहरुको नाम सिफारिस गरेको छ र त्यो सिफारीसका सम्बन्धमा बिभिन्न कोणहरुबाट टिका टिप्पणी, समर्थन र विरोध भईरहेको छ । अर्कोतर्फ संसदको कार्य सञ्चालन नियमावली नबनेको र सोहि आधारमा संसदीय सुनवाई समिति समेत बन्न नसकेको हुँदा सिफरिसमा परेका महानुभावहरुको नियुक्तिपुर्व गरिने संसदिय सुनवाई समेत हुन सकेको छैन ।

## ४.३. जिल्ला न्यायाधीश नियुक्तीका सम्बन्धमा

नेपालको अन्तरिम संविधान २०६३ मा जिल्ला न्यायाधीश नियुक्तिका लागि कानुनमा स्नातक अधिवक्ताका रुपमा आठ बर्ष वकालत गरेका नेपाली नागरिकलाई समेत गर्न सक्ने संवैधानिक व्यवस्था भएको बर्षौ पश्चात पनि कानुनव्यवसायीहरुलाई जिल्ला न्यायधीशमा प्रवेशको मार्ग प्रशस्त हुन नसकेको परिवेशमा नेबाएको कार्यसमितीले सम्मननीय सभामुख तथा कानुनमन्त्रीज्यूको ध्यानाकर्षण गराई तत्काल कानुनको व्यवस्था गरि संविधानको उक्त व्यवस्था कार्यान्वयनका लागि मार्ग प्रशस्त गर्न आग्रह गरिएको जानकारी गराउँदछौं । जिल्ला न्यायाधीशमा कानुनव्यवसायीको प्रवेशलाई न्याय सेवाको कर्मचारीहरु विरुद्धको कदम ठानी कर्मचारी तथा न्यायिक नेतृत्वले यसमा अवरोध सिर्जना गरेको हामीले महसुस गरेका छौं । संविधानको यो ब्यवस्था बमोजिम कानुन बनाउने तर्फ पहल नगर्ने, बन्न लागेको कानुनमा अबरोध सिर्जना गर्ने सम्मको कार्य नेतृत्वबाट भई रहने र कानुन व्यवसायीलाई निषेध गर्दै पटक पटक जिल्ला न्यायधीशको नियुक्ति गर्ने कार्य खेदजनक रहेको भनि नेबाएको पछिल्लो साधारणसभाबाट प्रस्ताव समेत पारित गरिएको हामी स्मरण गराउन चाहन्छौ । हामीलाई आशा छ न्याय परिषद्मार्फत आगामी दिनमा जिल्ला न्यायाधीशको नियुक्ति हुँदा संविधानको मर्म बमोजिम कानुनव्यवसायीहरुलाई समेत समविष्ट गराइनेछ ।

**४.४. न्यायपरिषदद्वारा प्रकाशित न्यायाधिश नियुक्ती सम्बन्धी मापदण्डका सम्बन्धमा :**

पुनरावेदन अदालतको मुख्य न्यायाधीश, न्यायाधीश र जिल्ला न्यायाधीशको नियुक्तीका लागि "न्यायाधीश नियुक्ती (प्रक्रिया) मापदण्ड, २०६९" को आधारमा गर्ने र अवहेलनामा सजाय पाएका व्यक्ति न्यायाधीशमा नियुक्त हुन अयोग्य मानी अन्य निषेधात्मक मापदण्ड कानून व्यवसायी प्रति लक्षित गरी निर्माण गरिएको सम्बन्धमा बारले विरोध गरेको यस सम्बन्धमा नेवाए कार्यसमितीले न्यायपरिषदसँग भेटि मापदण्ड तथा स्वघोषणा पत्रमा उल्लेखित कुराहरु संशोधन गर्न अनुरोध गरेको जानकारी गराउँदछौं ।

त्यस्तै न्यायपरिषदबाट न्यायाधीश पदका लागि वैयक्तिक विवरण फारामका लागि प्रकाशित भएको सूचना इतिहासमा पहिलो पल्ट सार्वजनिक रुपमै प्रकाशित भएको भएता पनि कानून व्यवसायीको हैसियतले जिल्ला न्यायाधीशको परिक्षामा वस्न पाउने संवैधानिक व्यवस्थाको कार्यान्वयनमा उक्त निर्णय मौन रहेको देखिन्छ । मुलुकको अन्य संवैधानिक निकाय र मन्त्री लगायतको सरकारका पदाधिकारीहरुको क्रियाकलाप परिक्षण गर्ने अख्तियार राख्ने न्यायाधीश जस्तो संवेदनशिल पदमा नियुक्तिका लागि सिफारिश गर्ने महत्वपूर्ण अधिकार राख्ने न्यायपरिषद जस्तो निकाय संवैधानिक प्रावधान प्रति इमान्दार नदेखिनु आपत्तिजनक विषय हो । तसर्थ कानून व्यवसायी न्यायाधीश पदको परिक्षामा बस्न पाउने संवैधानिक प्रावधान कार्यान्वयन गरेर मात्र नियुक्तिको प्रक्रिया अघि बढाउने बार नेबाएले परिषदको ध्यानाकर्षण गराएको । त्यस्तै अन्य तहको न्यायाधीशको नियुक्ति समेत स्वच्छ निष्पक्ष र पारदर्शि हुनु पर्ने र सक्षमतालाई विचार गर्नु पर्ने एवं न्यायाधीशका लागि फर्म नभर्ने कानून व्यवसायीलाई समेत नियुक्तिका लागि योग्य मान्न समेत नेबाए को दृष्टिकोण वक्तव्य लगायत विभिन्न माध्यमबाट अगाडी बढाइएको बेहोरा यहाँहरुको जानकारीको लागि अनुरोध गर्दछौं ।

## ५. संस्थागत विकासका सम्बन्धमा

**५.१. सचिवालय गठन**

नेबाएको दैनिक कार्य चुस्त, दुरुस्त सञ्चालन गर्न सहजको लागि नेबाएको विधानबमोजिम मेरो संयोजकत्वमा कोषाध्यक्ष मोहन इङनाम सदस्य, सदस्य गणेशप्रसाद अधिकारी, सदस्य केदारप्रसाद कोइराला र सदस्य राज्यलक्ष्मी बज्राचार्य सदस्य रहेको केन्द्रिय सचिवालय गठन गरि सोमार्फत नेबाएको घोषित उद्देश्य परिपूर्तिका लागि दैनिक र प्रशासनिक कार्यहरु सम्पादन गरिएको जानकारी गराउँदछु । हाल नेबाएको संशोधित विधानले नै नेबाएको संरचनागत ढाँचामा परिमार्जन गरी सचिवालयलाई थप प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

**५.२. समिति गठन**

नेबाएलाई बढि कृयाशिल बनाई आफनो लक्ष्य प्राप्त गर्न यस अन्तर्गतका उपसमितिहरुको गहन भूमिका रहेको महसुस गरीएको छ । विभिन्न विषयहरुका सम्बन्धमा नेबाएको धारणा सार्वजनिक गर्दा वा विषयवस्तुका सम्बन्धमा प्रस्तुत गर्नुपर्ने सुझावका लागि नेबाए अन्र्तगत रहने उपसमितिहरुको क्रियाशीलतामा नै नेबाएको धारणा सार्वजनिक गरिने मान्यताको विकास गरिएको छ । यद्यपी नेबाएद्वारा गठीत ११२ वटा उपसमितिहरु मध्ये केहि समितिहरुले सक्रियतापूर्वक कार्य गरे भने कतिपय समितिहरुले विविध कारणबस एउटा बैठक पनि नगरि कार्यकाल समाप्त भएको छ । आगामी दिनमा हामीले यसतर्फ सुधार गर्नु पर्ने महसुस गरेका छौं ।

**५.३. नेपाल बार एशोसिएशनको विधान संशोधन**

परिवर्तनको रफ्तारलाई आत्मसात गर्दै नेबाएको विधानमा आवश्यक संशोधन गर्नुपर्ने अवश्यकता महसुस गरि नेबाएको विधानलाई संशोधन एवं परिमार्जन गर्नका लागि नेबाएका उपाध्यक्ष श्री अनिता गुरुङज्यूको संयोजकत्वमा विधान संशोधन मसौदा सुझाव समिति गठन गरिएकोमा उक्त समितिले विभिन्न प्रश्नावली तथा छलफलमार्फत नेबाएको विधानमा गरिनुपर्ने संशोधनका विषयबस्तुहरुका बारे सुझाव सङ्कलन गर्ने कार्य गरी समितिले प्रस्ताव गरेको संशोधनको मस्यौदा उपर छलफल गरी नेबाएको बार्षिक साधारण सभामा प्रस्तुत गरेकोमा बार्षिक साधारणसभाबाट पारित भई जिल्ला प्रशासन कार्यालयबाट २०७१/०६/०३ देखि लागु हुने गरी नेपाल बार एशोसिएशनको बिधान, २०४८ लाई पाँचौ पटक संशोधन गरी

कार्यान्वयनमा ल्याइएको जानकारी गराउँदछु । यस पटकको नेबाए निर्वाचन यहि संशोधित विधानको व्यवस्था बमोजिम पच्चिस जना पदाधिकारी तथा सदस्य रहने कार्यसमितिका लागि भएको हो जसले नेबाएलाई प्रथम दृष्टि मै समावेशी चरित्रको बनाउने सकेको छ भने भौगोलिक प्रतिनिधित्वको पनि सुनिश्चितता भएको छ ।

**५.४. १३ औं अखिल नेपाल कानुनव्यवसायी राष्ट्रिय सम्मेलन, २०७१**

प्रत्येक तीन/तीन वर्षमा आयोजना गरिने राष्ट्रिय सम्मेलन धेरै बर्ष पश्चात २०७१ साल चैत्र ५, ६ र ७ गते काठमाडौ उपत्यका बाहिर चितवनमा भव्यताकासाथ सम्पन्न गरियो । सम्मेलनमा देशभरका पच्चिस सयभन्दा वढी कानुनव्यवसायीहरुको सक्रिय सहभागिता रहेको थियो । सम्मेलनमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाका उच्च पदस्थ पदाधिकारी तथा प्रतिनिधिहरु र राष्ट्रिय जीवनका विभिन्न लव्ध प्रतिष्ठित महानुभावहरुका अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय पर्यवेक्षक समेतको उपस्थिति रहेको थियो । सम्मेलनमा न्याय, कानुन र संविधान तथा न्याय प्रशासन एवम् आर्थिक विकास तथा मानवअधिकारसँग सम्बन्धित विभिन्न नौवटा विषयहरुमा उल्लेख्य संख्यामा कार्यपत्रहरु प्रस्तुत भई प्राप्त सुझावका आधारमा चितवन घोषणापत्र जारी गरिएको थियो । जसलाई यहाँहरुले नेबाए वेभसाइटमा गई हेर्न सक्नु हुनेछ । यस पटकको राष्ट्रिय सम्मेलनको मूल नारा **"संघीय लोकतान्त्रिक गणतन्त्रको निरन्तरता, स्वतन्त्र न्यायपालिका र आर्थिक विकासका लागि पेशागत दक्षता"** थियो । राष्ट्रिय सम्मेलनको समुद्घाटन समारोहमा उपस्थित भई महत्वपूर्ण सम्बोधन गर्नु भएकोमा प्रमुख अतिथि तत्कालिन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै, तत्कालिन सम्माननीय का.मु. प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यू तथा तत्कालिन सम्माननीय सभामुख श्री सुवाषचन्द्र नेम्वाङज्यूप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं । यो सम्मेलनमा विशेष अतिथिको रुपमा सहभागीताका लागि संयक्त राष्ट्रसंघका पूर्व महासचिव कोफी अन्नानलाई समेत आमन्त्रण गरिएकोमा वहाँको व्यक्तिगत कारणले गर्दा शरीर उपस्थित हुन नसकेपनि यो सम्मेलनमा वहाँको लिखित शुभकामना प्राप्त भएको थियो । त्यसै गरि तत्कालीन प्रधानमन्त्री सुशिल कोइराला स्वास्थ्यका कारण उपस्थित हुन नसके पनि वहाँको लिखित मन्तव्य प्राप्त भएको थियो । सम्मेलनको सफल आयोजनाका लागि बिभिन्न क्षेत्रबाट सहयोग गर्ने सबैमा नेबाएकोतर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**५.५. बार र वेञ्च सम्बन्ध**

संवैधानिक विकाससँग जोडिएको सार्वजनिक सरोकारका विषयका सम्बन्धमा परेका १७ वटा रिट निवेदनहरु खारेज गर्ने निर्णयले मुद्दामा सुनवाईको हकलाई सुनिश्चित गर्न नसकेको तथा पक्षको प्रतिनिधित्व गर्न पाउने कानुनव्यवसायीको अधिकारलाई नजरअन्दाज गरेको विभिन्न घटनाहरुप्रति नेवाएले लिखितरुपमा असन्तुष्टी व्यक्त गर्दै प्रेस विज्ञप्ती जारी गरि मिति २०७०/५/२१ मा मुलुकभरकै अदालतहरुमा मुखमा कालोपट्टी बाँधि विरोध प्रदर्शन गरेको थियो । नेवाएले कानुनव्यवसायीको पक्षको प्रतिनिधित्व गर्न पाउने संविधान प्रदत्त अधिकारको सुनिश्चितताका लागि न्यायीक नेतृत्वसँग भेटि सो सम्बन्धमा सरोकार जनाउनुका अलवा लिखितरुपमै पत्राचारसमेत गरे पश्चात न्यायीक नेतृत्वबाट वारको सो चासोलाई गम्भिरतापूर्वक लिंदै नेवाए नेतृत्वसँग वार्ताका लागि प्रस्ताव गरे अनुसार २०७०/६/५ मा नेवाएका पदाधिकारी, पूर्वपदाधिकारी, सर्वोच्च अदालतका वहालवाला सबै न्यायाधीशहरु, महान्यायधिवक्ताको कार्यालयका प्रतिनिधिहरुसमेतको संलग्नतामा बैठक बसी आगामि दिनमा मुद्दाहरुमा सार्थक सुनवाईलाई सुनिश्चित गर्ने प्रतिवद्धताका साथ वार र वेञ्चको सुमधुर सम्बन्ध कायम राख्न र न्यायपालिका र वार विच भविष्यमा आईपर्ने अप्ठ्याराहरुलाई अपासी छलफलद्वारा समाधान गर्न वार र बेञ्च सम्बन्ध समन्वय समिती गठन गर्ने सहमतीसमेतको तीन बुँदे सहमतिपत्रमा नेबाएकातर्फबाट महासचिव सुनिलकुमार पोखरेल र सर्वोच्च अदालतकोतर्फबाट रजिष्ट्रार लोहितचन्द्र शाहले हस्ताक्षर गरि वार र न्यायपालिका बिचको विवाद समाधान भएको जानकारी गराउँदछौं । गठित बार बेञ्च समन्वय समितिमा नेबाएकोतर्फबाट नेबाएका अध्यक्ष, महासचवि सुनिलकुमार पोखरेल, पूर्व अध्यक्ष बरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी र बरिष्ठ अधिवक्ता शम्भु थापा तथा पूर्व महासचिव रमणकुमार श्रेष्ठ रहनु भएको थियो ।

**५.६. ल एशियाको सदस्यता नवीकरण :**

नेपाल बार एशोसिएशनले नियमित रुपमा LAWASIA तथा International Bar Association (IBA) लाई भुक्तानी गर्नुपर्ने सदस्यता शुल्क वापतको रकम भुक्तानी गरी नवीकरण गराइएको जानकारी गराउँदछौं । जसबाट हामीलाई कानुन व्यवसायीहरुको अन्तर्राष्ट्रिय सञ्जालमा निरन्तरता प्रदान भएको छ भने नेबाएका

सदस्यहरु आईबीए तथा ल एशियाका विभिन्न सभा सम्मेलनहरुमा संस्थागत तथा व्यक्तिगत रुपमा सहभागि हुने अवसरहरु मिलेको जानकारी गराउँदछौं ।

**५.७. नेबाए र कम्पनि रजिष्ट्रारको कार्यालय बिच भएको सम्झौता सम्बन्धमा :**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनि रजिष्ट्रारको कार्यालयबाट प्रदान गरिने सबै सेवाहरु अनिवार्य रुपमा विद्युतीय माध्यम (Online) बाटमात्र प्रदान गरिने भनि कम्पनि रजिष्ट्रारको कार्यालयबाट सूचना प्रकाशित गरि सोहिअनुरुप व्यवस्था गरेअनुसार सेवाग्राही तथा कानुनव्यवसायीहरुको सहजताका लागि नेबाए अन्तर्गतका सम्पूर्ण बार एकाइहरुमार्फत अनलाइन सेवा प्रदान गर्ने उद्देश्यले सबै वार एकाइहरुमा सेवा केन्द्र स्थापना गर्नेसम्बन्धमा नेवाए र कम्पनि रजिष्ट्रारको कार्यालय बीच मिति २०७० साल असोज २१ गते सम्झौता भएको थियो । सम्झौताबमोजिम सेवा केन्द्र स्थापना र विद्युतीय माध्यमद्वारा सेवा सञ्चालन गर्नेसम्बन्धमा वारका सदस्यहरुका लागि प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना गर्नेसमेत व्यवस्था मिलाइएको छ । यसै बमोजिम विभिन्न बार एकाइहरुमा सेवा केन्द्रहरु स्थापना समेत हुने क्रममा रहेको जानकारी गराउँदछौं ।

**५.८. लयर्स एकेडेमी विधेयक र जग्गा**

निरन्तर तालिम र प्रशिक्षणका माध्यमबाट आम कानुन व्यवसायीहरुको ज्ञान र शिपको विकास गरि कानुनव्यवसायीहरुको तालिम प्रशिक्षण र निरन्तर कानुनी शिक्षाका लागि लयर्स एकेडेमी स्थापना गर्न तयार गरिएको लयर्स एकेडेमी विधेयक विधायिकाबाट पारित गर्नका लागि नेबाएको कार्यसमितीले निरन्तर अनुरोध गर्दै आइरहेको जानकारी गराउँद छौ । तर कहिले संसद नहुने, संविधानसभाको निर्वाचन, सरकारसँगको नेबाएको सम्बन्ध, एलर्य एकेडेमीका सम्बन्धमा कानुन मन्त्रीहरुको फरक फरक दृष्टिकोण, भुकम्प र नाकाबन्दि समेतका विविधकारणले गर्दा लयर्स एकेडेमीको विधेयक पारित हुन सकेन जुन हालसम्म छलफलकै क्रममा रहेको छ । यस्तो अवस्थालाई अन्त्य गर्न लागि हामीले लयर्स एकेडेमीको प्रयोजनका लागि नेबाएको भोगाधिकारमा जग्गा प्राप्तीका लागि आवश्यक गृहकार्य प्रारम्भ गरिएको जानकारी गराउँदछु । यसै क्रममा नेपाल बायुसेवा निगमको नाममा दर्ता रहेको भक्तपुर जिल्ला मध्यपुर थिमी नगरपालिका स्थित रहेको दश रोपनी जग्गा लयर्स एकेडेमीको प्रयोगका लागि नेबाएलाई भोगाधिकार प्रदान गर्ने भन्ने अनुरोध नेपाल सरकार समक्ष गरिएको जानकारी गराउँदछु ।

**५.९. सचित्र डाइरेक्ट्री प्रकाशन**

नेबाएको इतिहासमा दोस्रो पटक मुलुक भरीका सम्पूर्ण सदस्यहरुको संक्षिप्त विवरण सहितको सचित्र डाइरेक्ट्री प्रकाशन गरिएको छ । यो प्रकाशनले नेबाएका सदस्य साथीहरु विच सहजै परिचय भई भातृत्वको विकास हुनेछ भने अर्कोतर्फ कानुनव्यवसायीहरुको व्यवसायीक बिशिष्टीकरणलाई पनि यसले सहयोग गर्ने हामीले आशा लिएका छौ ।

**५.१०. विनियम कार्यान्वयन**

नेवाएको दैनिक प्रशासन र अर्थिक कार्यहरुलाई पारदर्शि र व्यवस्थित गर्न नेवाएको विधानबमोजिम कर्मचारी प्रशासन विनियम २०७० र आर्थिक प्रशासन विनियम २०७० लाई कार्यान्वयनमा ल्याइएको जानकारी गराउँदछौं । यी दुई नियमावलीहरुको कार्यान्वयनले नेबाएको प्रशासनिक पक्ष सवल र पारदर्शी हुने हामीले विश्वास लिएका छौ ।

**५.११. कानुनी सहायता**

नर्वेजियन बारको सहयोगमा सञ्चालित कानुनी सहायता परियोजनाको अन्त्य भएपश्चात असहाय पक्षलाई प्रदान गरिँदै आएको कानुनी सहायताको सेवालाई निरन्तरता दिने उद्देश्यले मुद्दा मामिला समितिको संयोजनमा नेबाए केन्द्रिय कार्यालयमा कानुन व्यवसायीहरुको रोष्टर तयार गरि रोष्टर कानुन व्यवसायी मार्फत निशुल्क कानुनी परामर्श सेवा प्रवाह भइरहेको छ । कानुन व्यवसायी रोष्टरमा महिला कानुन व्यवसायीहरुको उल्लेख्य सहभागीता रहकोले यो सेवा संचालनमा थप हौसला मिलेको हामीले महसुस गरेका छौ । साथै यस्तो प्रयासले महिला कानुन व्यवसायीहरुलाई कानुन व्यवसायमा प्रवेश र पहिचान बनाउने अवसर समेत सिर्जना गरेको हामीले विश्वास लिएका छौ । त्यस्तो परामर्श पश्चात पीडित व्यक्तिहरुका लागि आवश्यक पर्ने कानुनी उपचार प्रदान गर्नका लागि जिल्ला कानुनी सहायता समिति भएका जिल्लाहरुमा जिल्ला कानुनी सहायता समिति र अन्य जिल्लाहरुमा बार एकाइहरुलाई पत्रमार्फत

निःशुल्क कानुनी सहायता प्रदानका लागि सिफारिस गरिने प्रणालीको विकास गरिएको छ । पीडित पक्षको परामर्श पश्चात बास्तविक पीडितहरुलाई सर्वोच्च अदालतमार्फत न्याय प्रदान गरिनु पर्ने अवस्था आएमा काठमाडौंमा क्रियाशील रहनु हुने आदरणीय बरिष्ठ अधिवक्ताज्यूहरुमार्फत समेत सेवा प्रदान गरिएको जानकारी यस सम्मानित सभा एवं पदभार हस्तान्तरण कार्यक्रममा गराउँदछौ । मुद्दा मामिला समिति एवं रोष्टर समितिमा रही असहाय पक्षलाई कानुनी सेवा प्रदान गर्नुहुने सम्पूर्ण बरिष्ठ अधिवक्ताज्यूहरु, मुद्दामामिला समितिका संयोजकज्यू तथा अन्य सदस्यहरु र रोष्टर समितिलाई मेरो व्यक्तिगत तर्फबाट समेत विशेष धन्यवाद ज्ञापन गर्दछु ।

## ५.१२. कानुनव्यवसायी आचारसंहिता र Pro Bono सेवा

कानुनी पेशाको मर्यादालाई अभिबृद्धि गर्ने तथा कानुनव्यवसायीलाई सक्षम, आदर्शवान र लोक हिततर्फ उन्मुख गराउने नेपाल बार एशोसिएशनको उद्देश्यबमोजिम कानुनव्यवसायीहरुको आचारसंहिता, अनुशासन तथा शिष्टाचारका नियमहरुको निर्माण तथा कार्यान्वयन गर्नुकासाथै मौजूदा नीति-नियम तथा कार्यान्वयन पक्षको निरन्तर पुनरावलोकन गर्नु पनि त्यतिकै आवश्यक र महत्व हुन्छ । यसै सन्दर्भमा, नेपाल बार एशोसिएशनले कानुनव्यवसायी आचारसंहिताका मौजूदा नीति-नियम र कार्यान्वयन पक्षको पुनरावलोकन गर्ने उद्देश्यकासाथ विभिन्न परामर्श बैठक सम्पन्न गरेको छन् । जसअन्तर्गत विश्वमा विकसित प्रचलन अनुसार कानुनव्यवसायीहरुको समाजप्रतिको दायित्वलाई थप प्रभावकारी बनाउन संस्थागतरुपमै स्वेच्छिक कानुनी सेवा (Pro Bono) को विस्तार गरी हरेक कानुन व्यवसायीले Pro Bono सेवा प्रदान गर्ने अभ्यास प्रारम्भ गरि यस्तो योगदान गर्ने कानुनव्यवसायीहरुको अभिलेखिकरण गर्ने कार्यको थालनी भई सकेको समेत जानकारी गराउन चाहन्छौ ।

## ५.१३. बिनाशकारी भूकम्प- २०७२

- २०७२ बैशाख १२ र २९ गतेको बिनाशकारी भूकम्पका कारण भएको जनधनको क्षतीका सम्बन्धमा गहिरो दुःख व्यक्त गर्दै बिनाशकारी भूकम्पमा परी निधन भएकाहरुप्रति हार्दिक समबेदना व्यक्त गरियो । यस राष्ट्रिय विपत्तीबाट भएको क्षतिलाई उचित सम्बोधन हुने गरी पुर्ननिर्माणको कार्यमा सरिक हुनका लागि सम्पूर्ण कानुनव्यवसायीज्यूहरुसमक्ष आव्हान समेत गरियो ।
- विनाशकारी भुकम्पबाट आफन्त गुमाउनु भएका कानुन व्यवसायीहरुलाई कृया खर्च वापत तत्काल जनही रु. १५००० का दरले ७ जनालाई उपलब्ध गराइएको ।
- बिनासकारी भूकम्पले गरेको धनजनको क्षति र सो भूकम्पबाट परेको प्रभावलाई सम्बोधन गर्न नेपाल सरकार, मित्र राष्ट्रहरु, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुले सञ्चालन गरेको उद्दार कार्य, राहत कार्यक्रमलगायत बिपद् व्यबस्थापनको सम्बन्धमा नेवाएले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अनुगमन गर्ने सम्बन्धमा पत्राचार गरी सहमति प्राप्त गरी केन्द्रिय स्तरमा एक केन्द्रिय अनुगमन समिति र प्रभावित जिल्लाहरुमा जिल्लास्तरीय अनुगमन समिति निर्माण गरि अनुगमनको कार्य गर्दै आईएको ।
- नेबाएका महासचिवको अध्यक्षतामा 'राहत कोष' समिति गठन गरी कोषमा जम्मा भएको रकममध्ये प्रधानमन्त्री राहत कोषमा रु. १० लाख जम्मा गरिएको थियो । यसैगरी सोही कोषबाट अति प्रभावित जिल्ला बार एकाइहरुको बार भबन क्षति भएकोमा तथा अस्थायी बार भवन निर्माणका लागि जम्मा ११ वटा वारलाई जनही रु. ५० हजारका दरले सहयोग रकम उपलब्ध गराइएको थियो । त्यसैगरी शान्ति र लोकन्त्रका लागि पेशागत सञ्जाल (पापड) मार्फत रु. ५० हजार प्रधानमन्त्री राहत कोषमा सहयोग गरिएको ।
- भूकम्प पश्चात भूकम्प प्रभावित जिल्लाका अदालत, सरकारी वकिल कार्यालय, कारागार तथा थुनुवा गृहहरुकोसमेत अनुगमन गरी त्यहाँ रहेका कैदी बन्दीहरुको जीउ ज्यानको सुरक्षाको पूर्ण प्रत्याभूति गर्नुपर्दछ भन्ने हाम्रो धारणा रहेको छ । कारागारमा राखिएका कैदी बन्दीहरुलाई घुमफिर गर्ने अधिकार बाहेक कानुनबमोजिम अन्य सबै अधिकार प्राप्त हुने भएकोले काठमाडौं उपत्यका र भूकम्प प्रभावित जिल्लामा जोखिमयुक्त भवनमा रहेका सम्पूर्ण कैदी बन्दीहरुलाई अविलम्ब सुरक्षित स्थानमा स्थानन्तरण गर्नका लागि नेपाल सरकारलगायत सम्बन्धित निकायहरुलाई लिखितरुपमा आग्रह गरिएको जानकारी गराउँदछु ।
- भूकम्पबाट अति प्रभावित जिल्लाहरु गोरखा, धादिङ, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, ओखलढुङ्गा, नुवाकोट, रसुवा र सिन्धुली जिल्लामा पाँच सदस्यीय मानवअधिकार घुम्ती शिविर परिचालन समिति गठन गरिएको छ । मानवअधिकार अवस्थाको अनुगमन गर्ने उद्देश्य रहेको समितिमा

राष्ट्रिय मानवअधिकार आयोग, नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासंघ र गैरसररकारी संस्था महासंघ नेपालको प्रतिनिधित्व रहने व्यवस्था तय भए बमोजिम कार्य प्रारम्भ भइ सम्पन्न भएको जानकारी गराउँदछौं ।

- त्यसैगरी आई.सि.जे. र नेपाल बारको सहकार्यमा दोलखा, गोरखा तथा ओखलढुङ्गा जिल्लामा भूकम्प प्रभावित जनताको मानवअधिकार स्थितिको अनुगमन गर्नका लागी छुट्टै परियोजना सञ्चालन गरि कार्य सम्पन्न भई सकेको जानकारी गराउँदछु ।

## ५.१४. नेबाएका अध्यक्षको राजिनामा

नेबाएका अध्यक्ष ब.अ. हरिकृष्ण कार्कीले आफु सम्माननीय प्रधानमन्त्रीद्वारा नेपाल राज्यको महान्यायाधिवक्ताको पदमा नियुक्ति हुने कारण दर्साई मिति २०७२/६/२८ मा अफ्नो पदबाट दिनु भएको राजिनाममा नेपाल बार एशोसिएशनको केन्द्रिय कार्यसमितिद्वारा स्वीकृत गरिएको जानकारी गराउँदै तत् पश्चात विधान बमोजिम बरिष्ट उपाध्यक्ष राजेन्द्रबहादुर साउदले आजको मितिसम्म कार्यवाहक अध्यक्ष भई कार्य सञ्चालन गरी आउनु भएको बेहोरो सर्वविदितै छ ।

## ५.१५. सम्मान

नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभागबाट नेपालको कर प्रणाली, कर जागरण, करको दायर विस्तार र कर सहभागिताका सम्बन्धमा नेपाल बार एशोसिएशनले संस्थागत रुपमा उल्लेखनीय भूमिका निर्वाह गरी कानुनव्यवसायमा क्रियाशील रहनु भएका कानुनव्यवसायीहरुको सहभागिता बृद्धि भएकोमा नेपाल बार एशोसिएनलाई चौथो राष्ट्रिय कर दिवसको उपलक्षमा आयोजित कार्यक्रम २०७२ मंसिर १ का दिन विशेष सम्मान प्रदान गरिएको जानकारी यहाँहरुसमक्ष गराउँदछु । राज्यबाट नेबाएलाई प्राप्त यो सम्मानले कानुन व्यवसायीहरु कर तिर्दैनन्, कार छलि गर्दछन, आफनो व्यवसाय कानुन बमोजिम दर्ता नगरी संचालन गर्दछन भन्ने यदाकदा कानुन व्यवसायीहरुलाई लाग्दै आरोपलाई मिथ्या सावित गरी कानुन व्यवसायीहरु राज्यलाई कर तिरी सम्मानपुर्वक आफनो व्यवसाय संचालन गर्दछन् भन्ने सन्देश प्रवाहित भएको छ ।

## ५.१६. बार स्थापना दिवस (बार डे)

२०७२ सालबाट नेबाए स्वयंले नेबाएको प्राङ्गणमा बारको स्थापना गर्ने महान कानुनव्यवसायीज्यूहरुको तस्वीरमा मार्ल्यापण गरी चियापानको आयोजना गरी बार स्थापना दिवस मनाउने प्रचलनको प्रारम्भ गरिएको यहाँहरुमा जानकारी गराउँदछौ । बार दिवसलाई अझ प्रभावकारी रुपमा ८६ वटै बार एकाइहरुमा आगामी दिनमा सञ्चालन गरिनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ ।

## ५.१७. नेपाल कानुनव्यवसायी परिषद्को पार्षद् मनोनयन गरिएको सम्बन्धमा

नेबाएको मिति २०७०/०५/२९ गते वसेको वैठकले नेपाल कानुन व्यवसायी परिषद्, ऐन २०५० को दफा ४(१)(च) को व्यवस्था वमोजिम नेपाल कानुनव्यवसायी परिषद्को रिक्त रहेको पार्षद् पदमा अधिवक्ताहरु क्रमशः लक्ष्मीप्रसाद मैनाली (सर्बोच्च अदालत बार) र अधिवक्ता प्रकाशबाबु पन्त (मोरङ जिल्ला बार) लाई २ बर्षका लागि पार्षद् पदमा मनोयन गरी पठाइएकोमा वहाँहरुको कार्यकाल सफलतापूर्वक सम्पन्न भइसकेको हुँदा सोही पदमा नेबाएको मिति २०७२/७/१५ मा बसेको कार्यसमितिको बैठकले निर्णय गरेबमोजिम अधिवक्ता श्री गणेशप्रसाद बराल, ललितपुर र अधिवक्ता श्री उद्धवचन्द्र घिमिरे, मोरङलाई सिफारिस गरी पठाइएको व्यहोरा यहाँहरुको जानकारीको लागि अनुरोध गर्दछौं ।

## ५.१८. बरिष्ठ अधिवक्ताको पदवी प्रदान गर्ने सम्बन्धमा

सर्वोच्च अदालतद्वारा प्रदान गरिने बरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा निम्नानुसारको मापदण्ड अपनाइयोस भनी श्री सर्वोच्च अदालतसमक्ष सुझाव प्रस्तुत गरेको बेहोरा यहाँहरुको जानकारीको लागि प्रस्तुत गर्दछु ।

- १५ वर्षसम्म निरन्तर कानुनव्यवसाय गरि कानुन र न्यायको क्षेत्रमा उल्लेखनीय योगदान दिएका अधिवक्ताहरु (यसरी समयावधि गणना गर्दा प्रमाणपत्र लिएको मितिलाई मात्र आधार नमानि पेशा, व्यवसायको निरन्तरतालाई आधार मानिनुपर्ने) ।
- उच्च नैतिक चरित्र र आचरण भएका आचारसंहिताप्रति प्रतिवद्ध अधिवक्ताहरु ।

- नेपाल कानुनव्यवसायी परिषद्‌बाट कुनै पनि कारवाहीमा नपरेका ।
- भौगोलिक क्षेत्र र समावेशितालाई समेत ध्यान दिइनुपर्ने ।
- बरिष्ठ अधिवक्ताको उपाधि 'कानुन दिवस' वा 'बार दिवस' को दिन पारेर बार्षिक रुपमा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने ।
- साथै बरिष्ठ अधिवक्ताको उपाधि मुलुकमा कायम रहेका कानुनव्यवसायीहरुको संख्याको अनुपातमा प्रदान गर्दै जानु पर्ने ।

**५.१९. कानुनव्यवसायी आचारसंहिता परामर्श बैठक**

कानुनी पेशाको मर्यादालाई अभिबृद्धि गर्ने तथा कानुनव्यवसायीलाई सक्षम, आदर्शवान् र लोकहिततर्फ उन्मुख गराउने नेपाल बार एशोसिएशनको उद्देश्य बमोजिम कानुनव्यवसायीहरुको आचारसंहिता, अनुशासन तथा शिष्टचारका नियमहरुको निर्माण तथा कार्यान्वयन गर्नुका साथै मौजुदा नीति-नियम तथा कार्यान्वयन पक्षको निरन्तर पुनरावलोकन गर्नु पनि त्यतिकै आवश्यक छ । यसै सन्दर्भमा, नेबाएले काठमाडौं लगायत उपत्यका बाहिर विभिन्न स्थानमा पाँच वटा परामर्श कार्यशाला आयोजना गरी सो परामर्श पश्चात प्राप्त राय सुझावका आधारमा विद्यमान कानुनव्यवसायी आचारसंहिता परिमार्जनका लागि नेपाल कानुनव्यवसायी परिषद्‌समक्ष अनुरोध गरिएको गर्ने तयारी गरेको छ ।

**५.२०. फौज्दारी तथा देवानी संहिता उपर छलफल कार्यक्रम**

विक्रम सम्बत् १९१० मा बनेको नेपालको मुलुकी ऐनलाई आवश्यक संशोधन गरी पाँच वटा अलग अलग कानुनका रुपमा संशोधन एवं परिमार्जन गर्ने गरी व्यवस्थापिका संसदमा *(देवानी कानुनको संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७१, देवानी मुद्दाको कार्यविधि सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७१, फौजदारी कसूरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७१, फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७१, फौजदारी कसूरमा सजायँ निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७१)* पेश भईसकेको सन्दर्भमा नेपाल बार एशोसिएशन तथा संसदको विधायन समिति सहकार्यमा उपरोक्त विधेयकहरुको सम्बन्धमा देशव्यापीरुपमा पुनरावेदन बार एकाई स्तरमा मस्यौदाहरु उपर छलफल र सुझाव दिने कार्यक्रम बमोजिम देहायका मिति, समय र स्थानमा सफलतापूर्वक सम्पन्न भएको जानकारी गराउँदछु । यस पूर्व पनि नेबाएले आफ्नो पहलमा प्रस्तावित विधेयकहरु उपर विभिन्न छलफल कार्यक्रम समेत आयोजना गरि सुझावहरु प्रस्तुत गरेको थियो । यस प्रकारको छलफल कार्यक्रमले प्रस्तातिव विधेयकमा दफाबार छलफल भई विधायन समितिलाई सुझाव प्रस्तुत गरियो भने ऐतिहासिक रुपमा नेपालको कानुन प्रणालीमा हुन लागेको आमुल परिवर्तनमा नेबाएले आफनो संस्थागत सहभागीता र योगदान गरेको हामीले अनुभुती गरेका छौ ।

## ६. तालिम, गोष्ठि, अन्तरक्रिया, सेमिनार तथा बैठक

नेबाएको निर्वाचनको दौरानमा होस वा कार्यसमितिले पदभार ग्रहण गरि सकेको पछि होस, २३ औ कार्यसमितिले सम्पुर्ण ध्यान कानुनव्यवसायीलाई तालिम, प्रशिक्षण प्रदान गर्नमै केन्द्रित रहको थियो । तसर्थ २३ औ कार्यसमितिले कम्तिमा १ कानुन व्यवसायीले यो ३ बर्षे कार्यकालमा एउटा तालिम प्राप्त गर्न सकोस भन्ने उद्देश्यले विभिन्न खाले तालिम कार्यक्रमहरुको आयोजना गर्नका साथै त्यस्ता तालिमहरु हवाई यातायातको सुविधा भएका जिल्ला बाहेक अन्य जिल्लामा पनि नेबाएको पहुच पुर्‍याउने प्रयास गर्‍यौ । तालिम सञ्चालन, सहभागि छनोट र त्यसको व्यवस्थापनमा बढि से बढि एकाइ बारहरुलाई संलग्न गराउने प्रयास गर्‍यौ । यद्यपी हाम्रो कार्यकाल सुरुवातपूर्व नै नेबाएबाट यसको परम्परागत दाता नर्वेजियन बारको बहिर्गमन तथा नेबाएले परियोजना सञ्चालन प्रभाकारीरुपमा गर्दैन, समयमा प्रतिवेदन दिदैन भन्ने मान्यता तथा नेबाएसँग सहकार्यमा सञ्चालन गरिने कार्यक्रमभन्दा अन्य संस्थाहरुसँग सञ्चालन गरिने कार्यक्रमहरु प्राथमिकतामा पर्नेजस्ता कारणहरुले केहि दातृ निकायहरु नेबाएसँग सहकार्य गर्न अनिच्छुक भएकाले हाम्रो कार्यकालमा सहयोग रकमहरुको पर्याप्तता नभएतापनि अन्य केहि संस्थाहरुसँग अल्पकालिन सम्झौताहरु गरि बढिसे बढि कार्यक्रमहरु सञ्चालन गर्न सफल भएका छौ । स्रोतको अपर्याप्तता कानुनव्यवसायहिरुको तालिममा प्रमुख चुनौतीको रुपमा रहेको छ ।

## ६.१. UNDP - ROLHR सँगको सहकार्यमा संचालित कार्यक्रमहरु

कानुन तथा न्यायको क्षेत्रमा प्रवेश, उपस्थिती र पहिचान बनाउन नसकिरहेको क्षेत्र र बर्गका कानुनव्यवसायीहरुलाई कानुन तथा न्यायको क्षेत्रमा प्रवेश गराई तिनीहरुलाई आत्मनिर्भर बनाउनका लागि नेवाए ले UNDP - Strengthening Rule of Law and Human Rights Protection System in Nepal (ROLHR) परियोजनासँग सम्झौता गरि उक्त क्षेत्रका तथा वर्गका १५ जना कानुनव्यवसायीहरुलाई काठमाडौमा ६ महिने अभ्यासमूलक प्रशिक्षण कार्यक्रमको थालनी गरी पहिलो तथा दोस्रो Batch को तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भई तेस्रो Batch को कार्यक्रम विराटनगर, नेपालगंज तथा काठमाडौमा विस्तार गरी सञ्चालनमा रहेको जानकारी गराउँदछु । यस तालिम कार्यक्रममा पहिलो चरणमा पन्ध्र जना, दोस्रो Batch मा बीस जना र हाल तेस्रो Batch मा चालीस जना कानुनव्यवसायीहरु संलग्न रहेको जानकारी गराउँदछु । तालिम अवधिभर त्यस्ता प्रशिक्षार्थीहरुलाई मासिक रु. १५,०००/- का दरले छात्रबृतिसमेत उपलब्ध गराइनेछ जसले गर्दा प्रशिक्षार्थीहरुलाई पेशामा स्थापित हुन थप मद्दत पुग्ने हाम्रो दृढ विश्वास रहेको छ । नेबएको इतिहासमा ६ महिने ब्यावसायिक तालिमको प्रारम्भ गरिएको यो पहिलो अवसर हो ।

## ६.२. UNDP SPCBN सँगको सहकार्यमा संचालित कार्यक्रमहरु

नेपाल बार एशोसिएशन र UNDP/SPCBN को सहयकार्यमा Lawyers Training in onstitutional Law & Participatory Constitution Building Process सम्बन्धी ५ दिने तालिम कार्यक्रम सन् २०१३, सन् २०१४ र सन् २०१५ मा सफलतापूर्वक सम्पन्न भएको जानकारी गराउँदछु । कार्यक्रम काठमाडौं, बिराटनगर, धनगढी, दाङ, बीरगञ्ज, बुटवल, जनकपुर, राजविराज, भैरहवा, नेपालगञ्ज, बिराटनगर, पोखरा, धनगढी, हेटौडा, सुर्खेत, बागलुङमा सफलतापूर्वक सम्पन्न भएका छन् ।

संविधान निर्माणको समग्र प्रक्रिया र निकासको उपाय, भावि संविधानमा न्यायपालिका, शासकीय स्वरुपसमेतका विषयमा छुट्टाछुट्टै रुपमा उच्चस्तरीय परामर्श कार्यक्रमसमेत आयोजना गरिएको थियो । नेबाएले सञ्चालन गरेको यस प्रकारको कार्यक्रमले नेपालको संविधान निर्माणको प्रक्रियामा कोशे ढुङ्गा स्थापित गरेको हामीले महसुस गरेका छौं ।

## ६.३. ICJ सँगको सहकार्यमा सञ्चालित कार्यक्रमहरु

- नेपाल वार एशोसिएसन र ICJ (इन्टरनेशनल कमिशन अफ जुरिष्ट) को सहयोग Human Rights Strategic Litigation (HRSL) बिषयमा मध्यपश्चिमाञ्चलस्तरीय कानुनव्यवसायीहका लागि दुई दिने प्रशिक्षण कार्यक्रम २०७० असार ६ र ७ सुर्खेतमा, मध्यमाञ्चलस्तरीय कार्यक्रम २०७० श्रावण ९ र १० काभ्रेपलान्चोकको धुलिखेलमा, सुदूरपश्चिमाञ्चलस्तरीय कार्यक्रम २०७० श्रावण २५ र २६ गते कैलालीमा, पश्चिमाञ्चलस्तरीय कार्यक्रम २०७० भाद्र ९ र १० पर्वतमा, पुर्वाञ्चलस्तरीय कार्यक्रम २०७० कार्तिक ११ र १२ गते धनकुटामा सफलतापूर्वक सम्पन्न गरेको बेहोरा यहाँहरुलाई जानकारी गराउँदछु ।
- त्यसैगरी नेपाल वार एशोसिएसन र **ICJ** (इन्टरनेशनल कमिशन अफ जुरिष्ट) कै सहयोगमा Public awareness programs around Supreme Court Jurisprudence Transitional Justice बिषयमा सुदूरपश्चिमाञ्चलस्तरीय कार्यक्रम २०७० श्रावण २३ र २४ गते डँडेलधुरामा, पश्चिमाञ्चलस्तरीय कार्यक्रम २०७० भाद्र ७ र ८ पोखरामा, मध्यमाञ्चलस्तरीय कार्यक्रम २०७० असोज १९ र २० गते चितवनमा, पूर्वाञ्चलस्तरीय कार्यक्रम २०७० कार्तिक ९ र १० गते राजविराजमा र मध्यपश्चिमाञ्चलस्तरीय कार्यक्रम २०७० मंसिर ७ र ८ गते नेपालगञ्जमा सम्पन्न गरियो ।
- संक्रमणकालीन न्यायका सन्दर्भमा भईरहेको सम्पूर्ण विकासकालीन अध्ययन एवं सर्वोच्च अदालतको फैसला र नयाँ ऐनका व्यवस्थाहरुको अध्ययनका ,साथै बेपत्ता पारिउका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ का सम्बन्धमा विस्तृत रुपमा अध्ययन गर्नका लागि ब.अ.पवनकुमार ओझाको संयोजकत्वमा, पूर्व सशस्त्र प्रहरी महानिरिक्षक शैलेन्द्रकुमार श्रेष्ठ, नेपाली सेना-कानुन विभागका पूर्व प्रमुख बीए कुमार शर्मा, अधिवक्ता कृष्ण वेलवासे, अधिवक्ता गीता संग्रौला तथा अधिवक्ता विजय सिंह सदस्य रहेको विज्ञ समुहले मुलुकको सबै क्षेत्रमा रहेका

द्वन्द्वसँग प्रत्यक्ष सम्बन्ध राख्ने महानुभावहरुसँग प्रत्यक्ष अन्तरक्रिया गरि प्रतिवेदन प्रकाशित गरि संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउने कार्य गरिएको थियो । यो प्रक्रियामा नेबाए अन्तर्गतको संक्रमणकालीन न्याय कानुन उपसमितीको क्रियाशीलता महत्वपूर्ण रहेको हामी उल्लेख गर्न चाहन्छौ ।

## ६.४. ILF सँगको सहकार्यमा संचालित कायक्रमहरु

- अन्तराष्ट्रिय कानुनी प्रतिष्ठान (ILF) र नेबाए विच भएको सम्झौताबमोजिम स्थानीय वार एकाइका कानुनव्यवसायीहरु, वैतनीक वकिल तथा कानुनी सहायता समितिमा कार्यरत कानुन अधिकृतहरुलाई CRIMINAL DEFENCE LAWYERS TRAINNING मिती २०७०/५/१४ देखि २० गतेसम्म महेन्द्रनगरमा, मिती २०७०/६/५ देखि ११ गतेसम्म विराटनगरमा, मिती २०७०/८/९ देखि १५ गतेसम्म नेपालगञ्जमा, मिती २०७०/८/२२ देखि २८ गतेसम्म राजविराजमा सम्पन्न भएको छ ।

## ६.५. ASF सँगको सहकार्यमा संचालित कार्यक्रमहरुः

- नेपाल बार एशोसिएशन र **ASF** का बीच भएको सम्झौता बमोजिम सञ्चालन भएको 'Criminal Justice System, Challenges & Role of Legal Aid' विषयक कार्यशालाहरु क्षेत्रीय स्तरमा देहायबमोजिमका स्थानहरुमा सफलतापूर्वक सञ्चालन भएको व्यहोरा हामी यस गरिमामय केन्द्रीय कार्यकारिणी परिषद्को बैठक समक्ष जानकारी गराउन पाउँदा गौरान्वित भएका छौं ।

| क्षेत्र | कार्यक्रम आयोजना गरिएको स्थान | मिति |
|---|---|---|
| • मध्यमाञ्चलस्तरीय कार्यक्रम | हेटौडा, मकवानपुर | २०६९/१२/२८ |
| • मध्यपश्चिमाञ्चलस्तरीय कार्यक्रम | बाँके, नेपालगञ्ज | २०७०/०१/११ |
| • पश्चिमाञ्चलस्तरीय कार्यक्रम | रुपन्देही, बुटवल | २०७०/०१/१३ |
| • पूर्वाञ्चलस्तरीय कार्यक्रम | धरान | २०७०/०२/०५ |
| • मध्यमाञ्चलस्तरीय / केन्द्रीयस्तरको कार्यक्रम | काठमाडौं | २०७०/०४/०६ |

क्षेत्रीयस्तरमा सञ्चालित कार्यक्रममा सहभागिता जनाउनका लागि सबै बार एकाइहरुलाई पत्राचार गरी सहभागी छनौट गर्नका लागि अनुरोध गरिएको थियो । यसरी छनौट गर्दा एक जनाभन्दा बढि सहभागीता हुने बार एकाइहरुलाई महिला कानुनव्यवसायीज्यूलाई अनिवार्य रुपमा सहभागिता जनाउन आग्रह गरिएको थियो भने मध्यमाञ्चलस्तरीय / केन्द्रीयस्तरमा सञ्चालित कार्यशालामा क्षेत्रीयस्तरमा सञ्चालित कार्यशालामा प्रस्तुत भएको कार्यपत्रलाईसमेत प्रस्तुती गरिएको जानकारी यस परिष्द्को बैठकसमक्ष जानकारी गराउँदछौं ।

## ६.६. IBA को छात्रबृति

- International Bar Association (IBA) को छात्रबृतिमा जापानमा भएको IBA सम्मेलनमा नेबाएको तर्फबाट ७ जना युवा कानुन व्यवसायीहरुलाई सहभागी गराईको र उक्त युवा कानुन व्यवसायी समुहको नेतृत्व गर्दै नेबाए कोषाध्यक्ष मोहन इङ्नामले गर्नु भएको जानकारी गराउँदछु ।

## ६.७. मेलमिलापसम्बन्धी तालिम कार्यक्रम

नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत, मेलमिलाप समिति / मेलमिलाप परिषद्को सहकार्यमा मेलमिलापसम्बन्धि आधारभूत तालिम कार्यक्रम देहायबमोजिम सफलतापूर्वक सञ्चालन गरिएको जानकारी गराउँदछु ।

| मिति | तालिम आयोजना गरिएको स्थान | सहभागी संख्या |
|---|---|---|
| २०७० चैत १६-२२ | बाँके नेपालगञ्ज | २५ जना |

| | | |
|---|---|---|
| २०७१ बैशाख ३१ देखि | बिराटनगर | २५ जना |
| २०७१ जेठ २-८ | काठमाडौं | २५ जना |
| २०७१ असार ६-१२ | रुपन्देही, बुटवल | २५ जना |
| २०७१ असार ३२- साउन ६ | ललितपुर, पाटन | २५ जना |
| २०७२ जेठ ३० गतेदेखि | चितवन | २७ जना |
| २०७२ असार ८ गतेदेखि | काठमाडौं | २७ जना |
| २०७२ असार २० गतेदेखि | काठमाडौं | २७ जना |

मेलमिलाप तालिम कार्यक्रममा समाजसेवी, प्राध्यापक, अवकाश प्राप्त न्यायाधीश, शिक्षकसमेतलाई सहभागि गराइएको थियो । यस अवधिमा मेलमिलापसम्बन्धी आधारभूत तालिम कार्यक्रमबाट २०६ जना कानुनव्यवसायीज्युहरु मेलमिलापसम्बन्धी विषयमा पोख्त हुनु भएको छ । हामी यस्ता तालिम कार्यक्रमलाई अझै बिस्तार गर्ने लक्ष्यमा रहेका छौं ।

**६.८ राष्ट्रिय न्यायिक प्रतिष्ठानसँगको साझेदारीमा सञ्चालित विविध कार्यक्रम :**

राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालसँग विभिन्न समयमा नेबाएमार्फत देहायबमोजिमका कार्यक्रमहरुमा सक्रिय रुपमा प्रतिनिधित्वसहित सहभागिता जनाइएको छ ।

| कार्यक्रमको नाम | मिति | सहभागी संख्या / स्थान |
|---|---|---|
| प्रक्रियामा आधारित प्रशिक्षक प्रशिक्षण (TOT) (पाँच दिने) | २०७० पुस १६-२१ गते सम्म | २२ जना कानुनव्यवसायी, हरिहरभवन, ललितपुर । |
| | | |
| रिट क्षेत्राधिकार सम्बन्धीत तालिम कार्यक्रम (तीन दिने) | २०७१ बैशाख १४-१६ गते सम्म | २२ जना कानुनव्यवसायी, हरिहरभवन, ललितपुर । |
| रिट क्षेत्राधिकार सम्बन्धीत तालिम कार्यक्रम (तीन दिने) | २०७१ असोज ५ गते | २२ जना कानुनव्यवसायी, हरिहरभवन, ललितपुर । |
| रिट क्षेत्राधिकार सम्बन्धीत तालिम कार्यक्रम (तीन दिने) | २०७१ कात्तिक १७ गते | २२ जना कानुनव्यवसायी, हरिहरभवन, ललितपुर । |
| प्रक्रियामा आधारित प्रशिक्षक प्रशिक्षण (TOT) (पाँच दिने) | २०७१ मंसिर १४ गते | २२ जना कानुनव्यवसायी, हरिहरभवन, ललितपुर । |
| रिट क्षेत्राधिकार सम्बन्धीत तालिम कार्यक्रम (तीन दिने) | २०७१ मंसिर २८ गते | २२ जना कानुनव्यवसायी, हरिहरभवन, ललितपुर । |
| साइबर क्राइम | २०७२ चैत ११-१३ | २४ जना कानुनव्यवसायी हरिहरभवन, ललितपुर । |
| **बरिष्ट अधिवक्ताहरुका लागि अन्तरक्रिया कार्यक्रम निर्धारित गरिएको छ जुन कार्यक्रम असार मसान्त भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।** | | |

**६.९ महिला कानुन व्यवसायीहरुका लागि Corporate Commercial and Professional Ethics Trainning**

नेपाल बार एशोसिएशन र Women Lawyers Joining Hands Canada को संयुक्त तत्वाधानमा महिला कानुनव्यवसायीहरुको क्षमता अभिबृद्धिका लागि अन्तर्राष्ट्रियस्तरको Corporate Commercial and Professional Ethics लगायत बिषयमा ६ दिने क्षमताअभिबृद्धि तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको जानकारी गराउँदछौं । सम्माननीय सभामुखज्यूबाट समुद्घाटन भएको यो तालिम कार्यक्रममा नेपाल, अष्ट्रेलिया, फ्रान्स, क्यानडा र अमेरिकाका बिशिष्ट प्रशिक्षकहरुले प्रशिक्षण दिनु भएको थियो । सम्रग कानुनव्यवसायमा नै कम उपस्थिती रहेको महिला कानुनव्यवसायीहरु वित्तीय र बाणिज्यको क्षेत्रमा नगन्य मात्रामा रहेको हुँदा यो तालिममार्फत तालिम कार्यक्रममा सहभागि महिला कानुनव्यवसायीलाई प्रशिक्षकका रुपमा रहेका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रशिक्षकहरुकोतर्फबाट हौसला अभिबृद्धि एवं अनुभव आदान प्रदान समेत गरिएको जानकारी गराउँदै यसै प्रकृतिको तालिम कार्यक्रम पुनः सञ्चालन गर्नका लागि आवश्यक गृह कार्य समेत सम्पन्न भइसकेको बेहोरा अवगत गराउँदछौं । तालिममा Professional responsibility

and legal ethics, Challenges unique to women in the practice of law and Corporate commercial model का विषयवस्तुहरुलाई मुख्य रुपमा केन्द्रिकृत गरिएको जानकारी गराउँदछु ।

## ७. विविध

- **उच्च माध्यमिक तहमा कानुन शिक्षा** : नेपाल बार एशोसिएशनको लामो प्रयत्न पछि उच्च माध्यमिक तहमा कानुन शिक्षाको अध्यापन यसै शैक्षिक सत्रदेखि प्रारम्भ हुन गइरहेको छ । सो प्रयोजनका लागि नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव र सर्वोच्च अदालतको रजिष्ट्रार एवं नेपाल बारको प्रतिनिधि सम्मिलित पाठ्यक्रम निर्धारण समिति समेत गठन भइ सकेको छ । यो अभ्याससँगै उच्च माध्यमिक तहमा कानुन शिक्षक एवं विभिन्न अदालतहरुमा मध्यम स्तरीय कानुनका जनशक्ति तयार हुने भएकोले कानुन शिक्षाको क्रममा यो एउटा कोशेढुङ्गा सावित हुनेछ भन्ने हामीलाई विश्वास लागेको छ ।
- नेबाएको कार्य समितिको मिति २०७१/४/९ को निर्णयअनुसार सामुदायिक विद्यालयमा अध्ययनरत गरिव विद्यार्थीहरुलाई कानुनव्यवसायीहरुकोतर्फबाट व्यक्तिगत सहयोगमा नगद छात्रबृति उपलब्ध गराउने कार्यक्रमको सुरुवात गर्ने निर्णय गरि गरिब बालवालिकाको शिक्षामा पहूँचको कार्यक्रममा नेपाल बार एशोसिएशनले संस्थागतरुपमा सहयोग गर्ने कार्यको प्रारम्भ भएको जानकारी गराउँन पाउँदा हामीलाई खुसी लागेको छ ।
- **बैंक ग्यारेन्टी सम्बन्धमा :** कानुनव्यवसायीहरुको पेशा विस्तारकोरुपमा आएको नोटरी पव्लिकसम्बन्धि व्यवस्थाको उदयसँगै नोटरी पव्लिकको रुपमा काम गर्ने कानुनव्यवसायीले आफ्नो प्रमाण-पत्र धरौटीमा राखि रु. पचास हजारको बैंक ग्यारेन्टि प्राप्त गर्नु पर्ने विडम्बनापूर्ण अवस्थाको अन्त्य गर्न बैकसँग परिणाममुखि वार्ता गरि कानुनव्यवसायीले न्युनतम् मौज्दातमा खाता खोलि न्यूनतम् सेवा शुल्क बुझाइ प्रमाण-पत्र धरौटि नराखि रु. पचास हजारसम्मको बैंक ग्यारेन्टि प्राप्त गर्ने सम्झौता ग्लोवल आईएमई बैक र सनराइज बैंकसँग भइ कार्य सुचारु भएको छ । यसरी बैंकलाई जमानतका लागि अनुरोध गर्दा उपत्यकाको हकमा भने नेबाएबाट र उपत्यकाबाहिर ग्लोबल आईएमइ बैंक र सनराइज बैंकको शाखा कार्यालयहरु रहेको स्थानमा स्थानीय बार एकाईको सिफारिसबाटसमेत बैंक ग्यारेन्टी जारी गरिने व्यवस्था गरिएको छ ।
- **नेपाल कानुन आयोगलाई विषयगत विशेषज्ञता प्रदान :** नेपाल कानुन आयोगले विभिन्न विषयमा, अनुसन्धान एवं कानुन तर्जुमासम्बन्धी कार्य गर्दै आइरहेकोमा त्यस कार्यलाई नेबाएकोतर्फबाट बिशेषज्ञ राय प्रस्तुत गर्नका लागि खाद्य हकसम्बन्धी कानुन, ज्येष्ठ नागरिकसम्बन्धी कानुन, रोजगारसम्बन्धी कानुन, न्यायमा अवरोधसम्बन्धी कानून, मानव स्वास्थ्यको अधिकारसम्बन्धी कानुन, विज्ञापनसम्बन्धी कानुन, संघसंस्था दर्तासम्बन्धी कानुनका विषयमा बिज्ञहरुको मनोनयन गरी विषयगत विशेषज्ञता उपलब्ध गराइएको जानकारी गराउँदछु ।
- **शान्ति र लोकतन्त्रको लागि पेशागत सञ्जाल (पापड) :** नेबाएले शान्ति र लोकतन्त्रको लागि पेशागत सञ्जालमार्फत मानवअधिकार, प्रेस स्वतन्त्रता, लोकतन्त्र, संविधानको कार्यान्वयनका सम्बन्धमा सञ्जालमा एकतावद्ध भई क्रियाशील रहेको जानकारी गराउँदछु ।
- कानुनव्यवसायीहरुको सामाजिक सुरक्षालाई ध्यानमा राख्दै अल्का अस्पताल र नेबाएको सहकार्यमा नेबाएको प्राङ्गणमा कानुनव्यवसायीहरुका लागि एक दिने निःशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरियो । शिविरमा एक हजारभन्दा बढी कानुनव्यवसायीहरुले निःशुल्क स्वास्थ्य परीक्षण सहित औषधी समेत निःशुल्क वितरण गरिएको थियो ।
- नेबाएको बैठक कक्ष तथा नेबाए पुस्तकालयलाई UNDP ROLHR को सहयोगमा सुविधासम्पन्न पार्दै आधुनिकीकरण गरिएको जानकारी गराउँदछौं ।
- नेबाएका पूर्व अध्यक्ष स्व. बासुदेव ढुङ्गानाको सम्झनामा नेबाए पुस्तकालयमा विद्युतीय पुस्तकालयको स्थापना गरिएको जानकारी गराउँदछौं ।
- नेबाए वातावरण कानुन उपसमितिले समसामयिक विषयहरुमा महत्वपूर्ण अन्तरक्रियात्मक कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ । यस समितिले वातावरण विनासका कार्यहरुका सम्बन्धमा जनगुनासो आदिहरुलाई सम्बोधन गर्नका लागि स्थलगत निरीक्षणसमेत गर्दै आइरहेको जानकारी गराउँदै आगामी दिनहरुमा पनि यो उपसमितीको क्रियाशीलताको अपेक्ष गर्दछौ ।

- नेबाएको विभिन्न उपसमितिहरु आ-आफ्नो विषयका सन्दर्भमा नियमित रुपमा नेबाएसँगको सहकार्यमा क्रियाशील रहीरहेको जानकारी म यहाँहरुसमक्ष गराउन चाहन्छु ।
- सर्वोच्च अदालतको मुख्य भवन भूकम्पनबाट भत्किएपछि नेबाएको तल्लो तलामा सर्वोच्च अदालतलाई मुद्दाहरुको फाँट सञ्चालन गर्नका लागि निशुल्क रुपमा दिइएको जानकारी गराउँदछौं ।
- नेबाएको चौथौ तला खाली भएकोमा नेपाल मेलमिलाप परिषद्सँग सम्झौता भई मेलमिलाप परिषद्को कार्यालय स्थापनाका लागि नेबाएले सो स्थान भाडामा दिएको जानकारी गरउँदछु ।

## ८. धन्यवाद ज्ञापन

२०१३ साल पुस ७ गते नेपाल बार एशोसिएशनको स्थापना गरी विभिन्न आरोह अबरोहको सामना गरी बारलाई वर्तमान स्थितिमा पुऱ्याउने सम्पूर्ण अग्रज एवं मित्रहरुमा धन्यवाद ज्ञापन गर्दछौं । स्थापनाकालमा कार्य कक्ष समेतको अभाव रहेको बार अहिले ८६ एकाई र दशौं हजार सदस्यहरुको प्रत्यक्ष संलग्नताले ज्वजल्यमान भएको छ भने अर्कोतर्फ हामीले आफुलाई गौरवका साथ राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा उभ्याउन सफल भएका छौं । २३ औं कार्यसमितिको कार्यकालमा समग्र कार्य सम्पादन गर्न सहयोग गर्नुहुने सम्मानीय राष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यू, प्रधानन्यायाधीशज्यू, सभामुखज्यू, माननीय कानुन मन्त्री तथा अन्य मन्त्रीज्यूहरु, सर्वोच्च अदालतका न्यायाधीशज्यूहरु, महान्यायाधिवक्ता, राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशकज्यू, नेपाल कानुन आयोग अध्यक्षज्यू, कानुन मन्त्रालयका सचिव, सर्वोच्च अदालतका रजिष्ट्रारज्यू, सरकारी वकिल, कर्मचारी वर्ग, कानुन संकाय तथा कानुन अध्ययन संस्थाहरु, गैरसरकारी संस्थाहरु, आमसञ्चार माध्यमका मित्रहरु लगायत अधिकृत कर्मचारी एवं सम्पूर्ण मित्रहरु, IBA, LAWASIA, UNDP/SPCBN, UNDP RoLHR, UNHCR, Norwegian Bar Association, Japanese Bar Association, Belgium Bar, Canadian Bar, Turkish Bar, Supreme Court Bar Association of India, Supreme Court Bar Association of Pakistan, Malesian Bar Association, International IDEA, ASF, ICJ, ILF Nepal, ILO, FAO, Women Lawyers Joining Hands Canada लगायत सहयोगी तथा दातृ संस्थाहरु प्रति नेबाएको यो कार्यसमिति सँधै सम्झना गरिरहने प्रतिवद्धता व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

त्यस्तै नेबाएको निर्वाचन सम्बन्धी कार्य निर्वाधपूर्वक सम्पन्न गर्नुहुने निर्वाचन समितिप्रति हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । नवनिर्वाचित कार्यसमितिलाई हाम्रो हार्दिक बधाई र सफलताको लागि शुभकामना व्यक्त गर्दै नेबाएका विभिन्न सभा सम्मेलन, बैठकहरुद्वारा पारित घोषणापत्रहरु एवं प्रतिवेदनहरु नेबावाएको वेभसाइटमा राखिएको बेहोरा यहाँहरुसमक्ष जानकारी गराउँदछु ।

### अनुसूची १

| सम्मेलन/बैठक | स्थान | मिति |
|---|---|---|
| ४० औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक | बागलुङ | २०७० जेठ १७-१८ |
| ४१ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक तथा मानव अधिकार गोष्ठि | भरतपुर, चितवन | २०७० मंसिर २५-२६ |
| २२ औं राष्ट्रिय महिला सम्मेलन | झापा | २०७० भाद्र २९ र ३० |
| कार्यसमितीको ऐतिहासिक बैठक | रामशाह, चौतारो, गोरखा | २०७१ चैत १४ गते |
| विशेष संवैधानिक सम्मेलन एवं ४२ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक | काठमाडौं | २०७१ जेठ १५-१७ |
| बार्षिक साधारण सभा सभा | काठमाडौं | २०७१ असोज ३ गते |
| २३ औ राष्ट्रिय महिला सम्मेलन | दोलखा | २०७१ कात्तिक २१ र २२ |

| | | |
|---|---|---|
| मानव अधिकारसम्बन्धी राष्ट्रिय गेष्ठी | जनकपुर | ०७१ मंसिर २४ |
| बार्षिक साधारण सभा सभा | काठमाडौं | २०७२ असार २३ गते |
| कानुन व्यवसायी महिलाहरुको २४ औ राष्ट्रिय सम्मेलन | ललितपुर | २०७२ साल मंसिर ४ र ५ |
| १३ औं अखिल नेपाल कानुनव्यवसायी राष्ट्रिय सम्मेलन | चितवन | २०७२ चैत ५-७ गते |
| ४३ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठक तथा मानवअधिकार सम्मेलन | ललितपुर | २०७२ मंसिर २४/२५ |
| २४ औं केन्द्रीय कार्यसमितिको निर्वाचन | काठमाडौं | २०७२ चैत २० गते । |
| बार्षिक साधारण सभा तथा पदभार हस्तान्तरण कार्यक्रम | काठमाडौं | २०७३ बैशाख ७ गते । |



.......................
सुनिलकुमार पोखरेल
महासचिव
नेपाल बार एशोसिएशन

सम्बत् २०७३ बैशाख ७ गते
काठमाडौं ।